लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १७, अंक ३८, २०८१ वैशाख २८ गते शुक्रबार (May 10, 2024) म.अ.क.नं.३०४९७३८१५ मूल्य रु. १०।- website: www.nayabimarsha.com

## जसपाको वाछिटा रास्वपा र नेकपा एसमा पर्न सक्ने

काठमाडौं/ सत्ता स्वार्थ र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको एकलौटी प्रवृत्तिले सो पार्टी विभाजन भएको छ। जनता समाजवादी पार्टीका कुल १२ जना सांसदहरुमध्ये अशोककुमार राईको नेतृत्वमा सात जना सांसदहरु मिलेर नयाँ दलका लागि निर्वाचन आयोगमा निवेदन दिई मान्यता पाएको भनिएको छ।

अब अध्यक्ष यादवसँग पाँच जनामात्र सांसद रहेपछि सत्तामा हालीमुहाली गर्ने चाहनामा झड्का लागेको जानकारहरुले बताएका छन्। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारको विकल्प खोज्न जसपा र नेकपा (एकीकृत समाजवादी) ले भित्रभित्रै काँग्रेससँग घनीभूत रुपमा वार्ता गर्दै आइरहेका थिए। एकीकृत समाजवादीलाई पनि जसपालाई झैं विभाजन गराएर अध्यक्ष माधवकुमार नेपालको शेखी झार्ने तयारी प्रधानमन्त्री दाहाल र नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले सत्ता सुरक्षित गर्ने रणनीतिमा लागेको श्रोतले बताएको छ। नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालको पक्षमा छ जना सांसदहरुको समर्थन रहेपछि अध्यक्ष नेपालसँग (बाँकी ७ पृष्ठमा)

# सत्ताका लागि 'कम्युनिष्ट' को मरिहत्ते

## प्रदेश अस्तव्यस्त ■ गठबन्धनमै धमिरा



भक्तपुर/ नेपालमा रहेका र आफूलाई कम्युनिष्ट भन्न रुचाउने दलहरुमा सत्तालिप्सा चरमोत्कर्षमा पुगेको चर्चा चल्न थालेको छ। विश्वका कम्युनिष्टको परिचय विपरित नेपालमा 'कम्युनिष्ट' का नाममा सत्तामोहले प्राथमिकता पाएको बताइन थालेको छ। केन्द्रीय सरकारदेखि प्रदेशस्तरका सरकार गठन-विघटनमा 'कम्युनिष्ट' नामधारीहरुले सत्ताकालागि देखाएको मोह र हर्कत लाजमर्दो स्तरमा देखा परेको राजनीतिक वृत्तमा चर्चा चल्न थालेको छ। केन्द्रीय सरकारको नेतृत्व नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले गरेका छन्। प्रधानमन्त्रीमा विराजमान उनको शैली र गतिविधिलाई नियाल्नेहरुले सरकार नै संविधानको धज्जी उडाउने कार्यमा क्रियाशील रहेको भन्नेसम्मका टिप्पणी हुन थालेका छन्। सरकार जोगाउने वा आफ्नो कुर्ची बचाउने नाममा केन्द्रमा नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी) नामका 'कम्युनिष्ट' नामधारी दलहरुको गतिविधिलाई हेर्नेहरुले 'कम्युनिष्ट' होइनन् कि उनीहरु त 'कमाउनिष्ट' पो हुन् त भन्नेसम्मको आरोप लगाउने अवस्था आएको छ।

सत्ताकालागि जस्तोसुकै कर्म गर्न पछि नपर्ने छवि प्रधानमन्त्री दाहालले बनाएका छन्। प्रधानमन्त्रीको कुर्चीलाई प्राथमिकतामा राखेका उनले डेढ वर्ष पनि नबित्दा तीनवटा सत्तासमीकरण बनाई आफ्नो ढुल्मुले चरित्रलाई झनै उजागर गरेको बताइन्छ। गत निर्वाचनअघि नेपाली कांग्रेस, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपालसँग गठबन्धन गरेको माओवादी केन्द्रले ती दलकै गठबन्धन बनाई पहिलो सरकार बनाउनुपर्नेमा प्रधानमन्त्री पद तत्कालै नपाउने अवस्थामा एमालेसँग मिलेर दाहालले सरकार बनाएका थिए।

त्यसरी जनमत विपरित सरकार बनाएको केही महिना नपुग्दै उनले एमालेको साथ छोडी निर्वाचनअघिकै कांग्रेससहितको गठबन्धन गरी सरकार बनाउन पुगे। त्यसको केही महिना नबित्दै उनले फेरि एमालेसहितको गठबन्धन बनाई सरकार चलाई रहेका छन्। यसरी सरकार चलाउने नाममा सरकारबाट नै कानूनको उल्लंघन हुने घटनाहरु बाहिर आइरहेका छन्। संविधानको खिल्ली उडाई प्रदेश सरकारको परिवर्तनका खेलहरु भैरहेका आरोप सरकारसँग लागि रहेको छ।

'कम्युनिष्ट' को विश्वव्यापी मान्यता सर्वहारा वर्गको पक्षमा रहनु हो। यसैगरी मजदुर, किसान, श्रमिक वर्गका लागि कम्युनिष्टहरुले आवाज उठाउने तथा उनीहरुको पक्षमा कम्युनिष्टहरु रहने विश्वव्यापी मान्यता विपरितको अवस्थामा नेपालका 'कम्युनिष्ट' नेताहरुको चरित्र देखा परिरहेको छ। उनीहरु ती वर्गकालागि भन्दा पनि मालिकहरुको पक्षमा आफूलाई देखाउने कर्ममा लागिपरेको बताइन्छ।

यसैगरी अधिकांश कम्युनिष्ट नामधारी नेताहरु स्वयम् नै विभिन्न नाजायक कर्म, तस्करी जस्ता कार्यहरुमा जोडिँदै आएका छन्। सरकारमा पुगेका नेताहरुले जनताको पक्षमा कार्य नगरेको आरोप 'कम्युनिष्ट' नामधारी नेताहरुमाथि लाग्ने गरेको छ। अधिकांशको ध्याउन्न कसरी कमाउने, कसरी रमाउने भन्ने कुरामा केन्द्रित भैरहेको घटनाक्रमहरुले पुष्टी गर्दै लगेको अवस्था छ। उनीहरु विभिन्न कुकर्ममा समेत जोडिन पुगेका छन्। सत्ताप्राप्ती जनताको लागि नभई आफू र आफ्ना आसेपासेलाई पोस्नकालागि मात्र हो भन्ने कुरा उनीहरुको कर्मले स्थापित गर्दै लगेको बताइन्छ।

केन्द्रमा प्रधानमन्त्री बन्नका लागि 'कम्युनिष्ट' भनाउँदा नेताहरुको हानाथाप अवस्था देखिएको छ। प्रधानमन्त्री दाहाल कसरी आफ्नो कुर्ची टिकाउन सकिएला भन्ने 'बकुल्ला ध्यान' मा छन्। एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओली पनि कसरी फेरि (बाँकी ७ पृष्ठमा)

## मन्त्रिपरिषद् पुनर्गठनको गृहकार्य

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहालले मन्त्रिपरिषद् पुनर्गठन गर्ने भएका छन्। नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गृहमन्त्री रवि लामिछानेबीच भएको सहमति अनुसार वर्तमान मन्त्रिपरिषद् पुनर्गठन गरी नयाँ मन्त्रिपरिषद्को सहकार्य गर्ने तयारी भैरहेको समाचार सूत्रले बताएको छ।

पुनर्गठित मन्त्रिपरिषद्मा जसपा नेपालबाट विभाजन भएको नयाँ दललाई सामेल गराई उपेन्द्र यादवलाई वर्खास्त गर्ने र अशोककुमार राई नेतृत्वमा प्रदीप यादव र हालका वनमन्त्री नवलकिशोर साहलाई सहभागी गराइने चर्चा चलेको छ। काँग्रेससँग मिलेर नयाँ समीकरण बनाउने प्रयास गर्दा जसपा नेपाल विभाजन भै अध्यक्ष उपेन्द्र यादव आफैंले खनेको खाल्डोमा आफैं परेका छन्।

जसपा नफुटेको भए १२ जना सांसद र नेकपा एकीकृत समाजवादीका १० जना गरी कुल २३ जना सांसदले समर्थन फिर्ता लिँदा माओवादी केन्द्रका अध्यक्ष दाहाल नेतृत्वको सरकार ढल्ने निश्चित थियो। राजनीतिका चतुर खेलाडी दाहाल र ओलीले जसपा विभाजन गरेर पनि सरकार ढल्नबाट जोगाएको चर्चा चलेको छ।यता, इलाम-२ को उपचुनावले निरास बनेको राष्ट्रिय स्वतन्त्र पार्टीको मिसन ८४ मा डढेलो लागेको छ। रास्वपाका सभापति लामिछाने र उपसभापति पार्टीको सम्पूर्ण शक्ति खर्चिएर इलाम-२ को उपनिर्वाचनमा लागेका थिए।

गत वर्ष १० बैशाखमा भएको उपनिर्वाचनमा रास्वपाले काँग्रेसको गढ भत्काएर रास्वपाको झण्डा गाड्न सफल भएको थियो। त्यतिबेला रास्वपाले (बाँकी ७ पृष्ठमा)

## भक्तपुर अस्पतालमा बेलायती अनुदान

भक्तपुर/ काठमाडौं उपत्यकाकै दोस्रो जेठो अस्पताल मानिने भक्तपुर अस्पतालमा बेलायती सरकारले दिएको आर्थिक अनुदानले अस्पतालको मुहार फेरिन पुगेको छ।



सोही कारण १८ करोड रुपियाँको सुविधा सम्पन्न नयाँ भवन निर्माण गर्न अस्पताल प्रशासन सफल भएको हो।

बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ र नेपालका लागि बेलायती राजदूत बर फेनले नवनिर्मित भवनको उद्घाटन मंगलबार गरेका हुन्।भक्तपुर अस्पतालन्यूनतम् सेवा मापदण्ड कार्यान्वयन मूल्याङ्कनमा ९८ प्रतिशत अङ्क प्राप्त गरी देशकै उत्कृष्ट अस्पताल बन्न सफल भएको अस्पताल हो। यसको स्तर वृद्धिमा नयाँ भवनको योगदान रहने स्वास्थ्यमन्त्री श्रेष्ठले विश्वास व्यक्त गरे। मन्त्री श्रेष्ठले भक्तपुर अस्पताललाई तीन सय शैयामा स्तर उन्नति गर्ने (बाँकी ७ पृष्ठमा)

## श्रीलंकाका राष्ट्रपतिलाई राष्ट्रपतिको आग्रह

काठमाडौं/ लामो समयदेखि श्रीलङ्काको कारागारमा रहेका तीन नेपालीलाई आममाफी दिएर रिहा गर्न राष्ट्रपति रामचन्द्र पौडेलले आग्रह गरेका छन्। राष्ट्रपति पौडेलले आफ्ना समकक्षीलाई पत्र पठाएर उक्त आग्रह गरेका हुन्।

श्रीलङ्काली राष्ट्रपति रनिल विक्रमासिङ्घेलाई पत्राचार गरेको शीतल निवास सम्बद्ध स्रोतले जानकारी दिँदै ती नेपाली नागरिकमा चेतबहादुर थापा, तेजबहादुर तामाङ र सुकबहादुर तामाङ रहेको पनि जनाइएको छ। उनीहरूलाई लागू औषध कारोबारमा संलग्न रहेको अभियोग लागेको स्रोतले बताएको छ।

उनीहरूको सजाय मानवीय आधारमा आममाफीको अनुरोधश्रीलङ्काली राष्ट्रपतिलाई गर्न भनी मन्त्रिपरिषद्ले निर्णय गरेकाले त्यसैको आधारमा राष्ट्रपति पौडेलले पत्र पठाएको स्रोतले दाबी गरेको छ।तात्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले २०७३ सालमा भारतको गोवामा भएको ब्रिक्स (बाँकी ७ पृष्ठमा)

## प्रधानमन्त्रीसँग नेपाल र यादवको गुनासो



काठमाडौं/सरकारमै रहेका दुई दलका अध्यक्षहरुले प्रधानमन्त्री पुष्पकमल दाहालसँग बुधबार गरेको भेटघाट अर्थपूर्ण बनेको छ। सरकारमै रहेका नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले दाहालसँग भेट गरी आफ्नो असन्तुष्टी प्रकट गरेका समाचार स्रोतले बताएको छ।

उनीहरु दुवैजनाले प्रधानमन्त्री दाहालसँग छुट्टाछुट्टै भेट गरे पनि आफूहरुको समर्थन प्रधानमन्त्रीप्रति रहे पनि नेकपा (एमाले) का कारण सरकारमा बस्न असहज भैरहेको गुनासो गरेको समाचार स्रोतले दाबी गरेको छ। आफू सरकारको उपप्रधानमन्त्री रहेको हालको अवस्थामा आफ्नो दललाई रातारात विभाजन गराइएको आरोप अध्यक्ष यादवले लगाएका थिए। उनको दलबाट छुट्टिएर जनता समाजवादी पार्टी नामको दल अशोककुमार राईको अध्यक्षतामा दर्ता गरिएकोप्रति यादवले दाहालले असन्तुष्टी पोखेका थिए। उनले वर्तमान सरकार टिकाउने तथा अर्को विकल्प बन्न नदिने नाममा भित्रभित्रै आफ्नो दललाई फुटाउने कार्य सत्तारुढ घटकहरुबाटै भएको भनी दाहाल र नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्माप्रति लक्षित गरी दाहालसँग गुनासो गरेको समाचार स्रोतको दाबी छ।

प्रधानमन्त्री दाहालले दल विभाजनमा आफ्नो कुनै भूमिका नरहेको भन्दै मिलेर एउटै दलको रुपमा रहन आग्रह गरेका थिए। दाहालको आग्रहलाई यादवले 'गोहीको आँशु' को रुपमा लिएको स्रोतको दाबी छ।उपप्रधानमन्त्रीमा आसीन यादवले दल विभाजनप्रति रोष प्रकट गर्दै पदबाट (बाँकी ७ पृष्ठमा)

## सुन कारोबारीकोमा हुन्डी

काठमाडौं/ नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले हुन्डी कारोबारको आशंकामा तीनजनालाई नियन्त्रणमा लिएको छ। ठमेलस्थित होटल भियनामा छापा मारेर उनीहरुलाई नियन्त्रणमा लिएको ब्यूरोले जनाएको छ।

अमला रोकाले सञ्चालन गरेको उक्त होटलमा ब्यूरोले छापा मारेको हो। रोका (बाँकी ७ पृष्ठमा)

## मुलुकमा साक्षरता होइन ठगी बढ्यो

**प्रसङ्गवश**

**रुषा थापा**



अहिले हरेक नेपाली नागरिकको हातहातमा मोबाइल फोन देखिन्छ। मुलुकमा सञ्चार क्षेत्रको पनि विकास भएको छ। विश्व वा आफ्नो देशमा भइरहेको घटनाबारे देश वा गाउँको एउटा कुनामा बसेर पनि थाहा पाउन सकिन्छ। नेपालमा ७७ वटा जिल्ला छन्। तीमध्ये अधिकांश जिल्लामा बाटो, बत्ती, सडक, विद्यालय, स्वास्थ्यचौकी, प्रहरी चौकीलगायत मानवीय आधारभूत आवश्यकहरु पुगिसकेका छन्।

जनतामा पनि सचेतना बढ्दै गएको छ। साक्षरता दर बढेको छ। सात दशकअघि काठमाडौं उपत्यकाबाहेकका अधिकांश जिल्लामा विद्यालय थिएनन्। त्यतिबेला छोराछोरी पढाउनुपर्छ भन्ने सचेतनाको विकास नै भएको थिएन। छोरा होस् या छोरी १०-१५ वर्ष हुनेबित्तिकै विवाह गरिदिन्थे। अहिले यसको अन्त्य हुँदै गएको छ। मानिसमा छोराछोरी पढाउनुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको छ।

सरकार, राज्यका विभिन्न निकाय, सरोकारवाला निकाय वा सञ्चार माध्यमहरु आम सर्वसाधारणलाई आफ्नो सन्ततिलाई अनिवार्य रुपमा विद्यालय पठाउन वा पढाउन र ठगीहरुबाट जोगिन वा जोगाउन सचेत गराउँदै आइरहेका छन्। पछिल्लो समय हरेक क्षेत्रमा ठगहरुको बिगबिगी छ। व्यापारव्यवसाय गर्ने नाममा वा सेवा दिने बहानामा ठगी गर्ने क्रम बढ्दो छ। बैंक, सहकारी, लघुवित्त, फाइनान्सले लाखौं जनतालाई ठगेका छन्।

उनीहरुलाई सुकुम्बासी अवस्थामा पुर्‍याएका छन्। यता, निजी अस्पताल तथा निजी विद्यालयहरुले पनि त्यसरी नै ठगिरहेका छन्। घरधनीहरु कोठा, सटर र फ्ल्याट मनलाग्दी मूल्यमा भाडामा लगाएर ठगिरहेका छन्। बिगमार्ट, सुपरमार्केट, भाटभटेनीलगायतले पनि गुणस्तरहीन, कुहिएको, बिग्रिएको, म्याद सकिएको वा कमसल सामान महंगोमा बेचेर सर्वसाधारण ठगिरहेका छन्। कन्सल्टेन्सी, मेनपावर व्यवसायीहरुले विदेशी पठाइदिने नाममा जनता लुटिरहेका छन्।

कानून व्यवसायी, लेखनदासहरुले पनि त्यसरी नै ठगिरहेका छन्। बजारमा नूनदेखि सुन व्यापारीसम्मले जनता लुटेका छन्, ठगेका छन्। बैंकले सय रुपियाँ कित्तामा निष्काशन गरेको शेयर चार हजारमा बेचेर दलालीहरुले सर्वसाधारणलाई दिउँसै रात पारेर लुटेका छन्। छिमेकी मुलुकहरुमा एक लाख नपर्ने सवारीसाधन यहाँ ल्याएर २० देखि २५ लाखमा बेचिएको छ।

सय रुपियाँको सामान व्यापारीहरुले हजार रुपियाँमा बेचिरहेका छन्। पाटी प्यालेन्सहरुले पनि लुट्नु लुटेका छन्। एउटा अँध्यारो, सानो कोठाको घरधनीहरु मासिक १० हजारदेखि २० हजार असुल्छन्। एउटा सटरको ५० हजारदेखि १८ लाख र एक फ्ल्याटको ३० हजारदेखि (बाँकी ७ पृष्ठमा)


## शाखा सडकको कारण मूल-सडकमा सिर्जना हुन सक्ने जोखिम न्यूनीकरणका केही उपायहरु

**सामरिक महत्वका सडक (मूल-सडक)सँग जोडिएर निर्माण हुने प्रादेशिक/स्थानीय सडक (शाखा सडक) का कारण दुर्घटनाको जोखिम बढेको र ती शाखा सडकहरुको अव्यवस्थाको कारण मूलक सडकको मर्मत सम्भारको लागतसमेत बढेकोले शाखा सडकको कारण मूल-सडकमा सिर्जना हुन सक्ने जोखिम न्यूनीकरणको लागि Roadside Slope Management अन्तर्गत निम्न अनुसारका उपायहरु अविलम्ब गर्न जरुरी हुने।**

१) मूल-सडक र शाखा सडकको Junction मा RCC Covered Drain निर्माण गर्न उपयुक्त हुने।
२) शाखा सडकबाट Collect हुने Drain Water को आवश्यक व्यवस्थापन गर्नु पर्ने।
३) मूल-सडक र शाखा सडकको Junction मा टेवा पर्खाल आवश्यक भए, सो को निर्माण गर्न उपयुक्त हुने।
४) Paved मूल-सडकको हकमा, जोडिएका शाखा सडकको न्यूनतम ५० मि. सम्म Paving गर्न उपयुक्त हुने।
५) शाखा सडकको Disposed soil, मूल सडकमा Debries को रुपमा आउन सक्ने जोखिम भएको भए, Up-Hill मा Gabion Catch निर्माण गर्न उपयुक्त हुने।
६) जोखिम न्यूनीकरणको कार्य गर्दा Planning Stage मा स्थानीय/स्थानीय निकायसँग समन्वय गर्नु पर्ने।
७) Junction मा अनिवार्य Junction को Traffic Sign Post राख्नु हुनु पर्ने।
८) सार्वजनिक सडक ऐन २०३१ को दफा १९.१ को प्रावधानअनुसार, नयाँ शाखा सडक निर्माणको लागि स्वीकृत लिनु पर्ने प्रावधान पालना गर्नु पर्ने।
९) नयाँ शाखा सडक निर्माणको सकभर प्रथम १०० मि. सम्म ४-५% ग्रेड कायम गराउन उपयुक्त हुने।

डिभिजन प्रमुख

सडक डिभिजन कार्यालय, चन्द्रनिगाहपुर

# जीवन एकातिर, शिक्षा अर्कोतिर

गोविन्द पौडेल

२०८१ सालको नयाँ शैक्षिकसत्र भर्खर सुरु भएको छ। हालका वर्षहरूमा सरकारले विद्यार्थी भर्नाको अभियान सञ्चालन गरेर ९६/९७ प्रतिशत बालबालिका विद्यालयमा भर्ना गर्न सफल भएको तथ्यांक सार्वजनिक गर्ने गर्छ। तर, भर्ना हुनासाथ विद्यालय छाड्ने विद्यार्थीको ठूलो संख्या छ। बालबालिका भर्ना हुनासाथ विद्यालय छोड्नु पनि विद्यालय भर्ना नहुनुजस्तै हो। तसर्थ, अब विद्यार्थी भर्ना गर्ने मात्र होइन, विद्यार्थी टिकाउने अभियान पनि सञ्चालन गर्न आवश्यक छ।

२०७१ सालमा कक्षा एकमा भर्ना भएका ११ लाख विद्यार्थीमध्ये ६ लाखले कक्षा १० मा पुग्दा नपुग्दै पढाइ टुंग्याए। तीमध्ये झण्डै साढे २ लाख कक्षा १ बाटै बाहिरिए। यसरी ठूलो संख्यामा विद्यार्थीले विद्यालय छोड्नुको परिणाम देशमा अदक्ष जनशक्तिको संख्या बढी हुनु हो। अरु देशमा अदक्ष र न्यून ज्यालामा मजदुरी गर्न जान बाध्य हुनु हो। देशका नागरिकसमक्ष भविष्यका अवसरहरू साँघुरा बन्नु हो। देशमा चेतनशील र सचेत जनसंख्या कम हुनु हो।

अनुसन्धान र आविष्कारको आजको युगमा अनपढ नागरिक संख्या बढी हुनुले देश आर्थिक, सामाजिक र राजनीतिक रूपमै पछि पर्छ/परेको छ। यसै कारण विभिन्न आवरणका सामाजिक अन्धविश्वास, विभेद र कुप्रथा अद्यावधिक कायम छन्। सुशिक्षित नागरिकको कमी भएको क्षेत्रमा निर्वाचनको बेला अयोग्य नीति निर्माता र जनप्रतिनिधि निर्वाचित भएका छन्। देश अविकासको दलदलमा फसिरहेको छ। हाम्रो देशमा विद्यार्थीले विद्यालय छोड्नुमा धेरै कारणहरू छन्।

विद्यार्थीमाथि दमन

सबैभन्दा पहिला त हाम्रा शिक्षण संस्थाले विद्यार्थीलाई केन्द्रमा राखेर शिक्षा दिइरहेका छैनन्। शिक्षण प्रणाली आदिम र जबर्जस्ती लाद्ने खालको छ। विद्यालयमा विद्यार्थीलाई जाऊँजाऊँ लाग्ने वातावरण बनेको छैन। विद्यार्थीका रुचि, क्षमता, जिज्ञासा र सिर्जनामाथि दमन गरिन्छ। पढाइमा राम्रो गर्न नसक्ने विद्यार्थीका लागि अरु वैकल्पिक सिर्जनात्मक बाटोमा प्रोत्साहित गर्ने काम हुँदैन।

शिक्षाको काम व्यक्तिका सम्भावनाको खोजनीति गरी लुप्त प्रतिभा बाहिर निकाल्न मद्दत गर्ने हो। तर, हाम्रोमा शिक्षा भनेको परीक्षामा प्राप्त अंक मात्रै भयो। राम्रो अंक ल्याउने विद्यार्थी शिक्षक र अभिभावकको प्रशंसाको पात्र बन्छ। अंक ल्याउन नसक्ने विद्यार्थी अपमान र लज्जाको सिकार भइरहेको छ। व्यक्तिका मौलिक प्रतिभाहरू प्रस्फुटित हुने वातावरण स्कुलमा बनेन। यसै कारण अधिकांश विद्यार्थीका लागि विद्यालय एउटा जेल बनिरहेको छ। कैयौँ विद्यार्थीले यसै कारण विद्यालय छोड्ने मौका पर्खिरहेका हुन्छन्।

कक्षा १० सम्मको शिक्षा हेर्दा ७/८ विषय अनिवार्य पढ्नुपर्छ। सक्ने-नसक्ने सबै खालका विद्यार्थीका लागि एउटै कोर्स, विषयवस्तको मात्रा उही, पढाउने तरिका एउटै भयो। एउटा कक्षामा विद्यार्थीको सिक्ने गति, तरिका, शैली र क्षमता फरकफरक हुन्छ भन्ने कुरा हाम्रो शिक्षा प्रणालीले ख्याल गर्दैन।

**परीक्षाको त्रास**

अर्कोतिर विद्यालयका विद्यार्थीलाई परीक्षाको त्रास देखाइएको छ। स्कुलमा शिक्षक र घरमा अभिभावको दबाबले विद्यार्थी वाक्कदिक्क भइरहेका छन्। छोराछोरीको परीक्षाको अंकप्रति अभिभावकको अति अकांक्षाले पनि विद्यार्थीमा अनावश्यक दबाब सिर्जना गरिरहेको छ। खासमा विद्यार्थीलाई परीक्षाको डर देखाउने नै होइन। शिक्षा भनेको परीक्षाका लागि होइन, यो सिक्ने सिकाउने प्रक्रिया हो। विद्यालय तहको शिक्षामा परीक्षा विद्यार्थीका लागि लिने होइन, शिक्षा प्रणालीको सफलता-असफलता जाँच्न लिने हो। तर, हाम्रोमा परीक्षा विद्यार्थी पास र फेल बनाउनेमा सीमित भयो।

जीवन एकातिर, शिक्षा अर्कोतिर

विद्यार्थीले पढाइ छोड्नुको अर्को कारण हो- विद्यार्थीले जीवन एकातिर शिक्षा अर्कोतिर भएको देखे। स्कुल पढ्दै गरेका विद्यार्थीले आफूवरिपरिका धेरै दाइदिदीहरूलाई देख्छन्, विदेश गएको, गुजारा टार्नका लागि। पढेर पनि स्वदेशमा पर्याप्त अवसर छैन। शैक्षिक बेरोजगारीको समस्या छ। शिक्षा लिएर पनि देशमा केही अवसर छैन भने किन जबर्जस्ती पढिरहने भन्ने छाप विद्यार्थीमा पर्ने नै भयो।

यीबाहेक अभिभावकमा चेतनाको कमी। गरिबीका कारणले बालमजदुरी गर्नुपर्ने बाध्यता, भाषागत अप्ठ्यारा, सानै उमेरमा गरिने विवाह, बसाइँसराइ आदिका कारण पनि नेपालमा विद्यालय छोड्ने दर धेरै भएको हो । शिक्षा भनेको परीक्षाका लागि होइन, यो सिक्ने सिकाउने प्रक्रिया हो। विद्यालय तहको शिक्षामा परीक्षा विद्यार्थीका लागि लिने होइन, शिक्षा प्रणालीको सफलता-असफलता जाँच्न लिने हो। तर, हाम्रोमा परीक्षा विद्यार्थी पास र फेल बनाउनेमा सीमित भयो।

**कसरी टिकाउन सकिएला** ?

विद्यालयमा विद्यार्थी टिकाउन संघ, प्रदेश, स्थानीय तह र विद्यालयको संयुक्त पहल आवश्यक छ। विद्यालय जेलजस्तो होइन, विद्यार्थीका रुचि, क्षमता र प्रतिभाले स्थान पाउने थलो बनाउनुपर्ने हुन्छ, जसले विद्यार्थीलाई स्कुल जाऊँजाऊँ भन्ने हुटहुटी सिर्जना गर्न सकोस्।

विद्यार्थी आकर्षित गर्ने कार्यक्रम

यस शैक्षिकसत्रमा काठमाडौं महानगरपालिकाअन्तर्गतका धेरै सामुदायिक विद्यालयमा भर्ना हुन विद्यार्थीको चाप बढेको छ। विद्यार्थीहरू निजीबाट सामदायिक विद्यालयमा सर्न खोज्दै छन्। यसको पछाडिको कारण के हो ? काठमाडौं महानगरपालिकाले विद्यालयमा केही रचनात्मक कार्यक्रम अगाडि सारेको छ, जसका कारण विद्यार्थी आकर्षित भइरहेका छन्।

कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजा, शिक्षामा सीप, बुक फ्रि फ्राइडे, बालक्लबहरूको गठन र विद्यार्थीलाई विद्यालयभन्दा बाहिर पनि विभिन्न कार्यक्रममा सहभागी गराउने जस्ता कार्यक्रम मात्रैले पनि विद्यार्थीलाई विद्यालयतर्फ तानिरहेको छ। महत्त्वपूर्ण कुरा विद्यालयको विद्यार्थीमैत्री वातावरण हो। विद्यालयमा यस्ता अनेकौं उपायहरू छन्, जसबाट विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न सकिन्छ।

घरबाट विद्यालय टाढा भएका विद्यार्थी, बेसहारा र अपाङ्गता भएका विद्यार्थीका लागि छात्रावासको व्यवस्था गर्नुपर्छ। कुनै कारणले विद्यार्थी अनियमित हुन थाल्नासाथ विद्यालयले चासो राख्नुपर्छ। समस्याबारे अभिभावक र सम्बन्धित निकायसँग परामर्श गरेर उचित समाधान निकाल्न कोसिस गर्नुपर्छ।

**परिवारको कमजोर आर्थिक अवस्थाको सम्बोधन**

गरिबी अथवा कमजोर आर्थिक अवस्थाका कारण विद्यालय छोड्नुपर्ने अवस्थाका बालबालिकाका लागि सरकारले केही आर्थिक प्रोत्साहनका कार्यक्रम ल्याएर विद्यार्थी स्कुलबाट निस्कनबाट रोक्न सक्छ। विद्यार्थीका लागि विद्यालयमा सीप सिकाएर 'पढ्दै कमाउँदै कार्यक्रम' विस्तार गर्न सकियो भने कमजोर आर्थिक अवस्थाका कारण पढाइ छाड्नुपर्ने बाध्यतामा रहेका विद्यार्थीलाई विद्यालयमा टिकाउन सकिन्छ।

पढाइको महत्त्व बुझ्न नसकेका अभिभावकका लागि समेत सचेतना र अरु प्रोत्साहनका कार्यक्रम कार्यान्वयन गरिनुपर्छ। निःशुल्क शिक्षा भनिए पनि सामुदायिक विद्यालयले विभिन्न शीर्षकमा विद्यार्थीबाट शुल्क उठाइरहेका छन्। कैयौँ अभिभावका लागि यो आर्थिक बोझ तथा शिक्षा महँगोको विषयसमेत हो।

**स्पोर्ट्सको शक्ति**

विद्यालयको वातावरण विद्यार्थीमैत्री हुनुपर्छ। विद्यार्थीलाई किताब कण्ठ गर्नैपर्ने र घण्टौंसम्मको गृहकार्यको बोझ थोपरिनु हुन्न। शिक्षामा झर्कोलाग्दो परम्परागत भाषण विधि मात्रै नभएर विभिन्न विद्यार्थीकेन्द्रित शिक्षण विधि पनि कार्यान्वयन गरिनुपर्छ। अतिरिक्त क्रियाकलाप- खेलकुद, नृत्य, संगीत, कला आदिलाई शिक्षाको अभिन्न अंगको रूपमा कार्यान्वयन गरिनुपर्छ।

केही अध्ययनहरूले खेलकुद ( स्पोर्टस) ले विद्यार्थीको समग्र शारीरिक र मानसिक विकास गर्ने मात्रै होइन, विद्यार्थीको ड्रप आउट रोक्न मद्दत समेत गर्ने देखाएका छन्। खेलकुद समय व्यवस्थापन, समूहमा काम गर्ने सीप, अन्तर्क्रिया गर्ने परिपाटी, एकाग्रतामा वृद्धि, विद्यार्थीको संज्ञानात्मक विकास र पढाइमा कमजोर भनिएका विद्यार्थीको उदासीनता समाधान गर्ने अस्त्र भएकाले विद्यालयले यसलाई पढाइसँगसँगै अगाडि लिएर जान सक्नुपर्छ।

**विद्यार्थीलाई उत्प्रेरणा**

विद्यार्थीको मार्कसिटमा विषयको अंक वा ग्रेड मात्रै होइन, उसको क्षमता वा प्रतिभाको क्षेत्र पनि उल्लेख गरिनुपर्छ। प्रतिभा पहिचान गरेर मार्गदर्शन र हौसला दिने मुख्य केन्द्र भनेकै विद्यालय हुन्। प्रतिभा पहिचानको प्रचलनले कक्षाको पछिल्लो बेञ्चमा बस्ने विद्यार्थीलाई पनि आत्मविश्वासको बोध गराउँछ। किनकि धेरै विद्यार्थी विद्यालयबाट उत्प्रेरणाको कमीकै कारण विद्यालय छोड्ने गर्छन्।

**अभिभावकको सचेतता**

विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न अभिभावकले आफ्ना बच्चाहरूसँग खुलेर कुराकानीहरू गर्नुपर्छ। उनीहरूका मनोकांक्षा बुझ्नुपर्छ। बच्चालाई शिक्षाका हरेक तह पार गरेपछि खुल्ने अवसरहरू बुझाउनुपर्छ। विद्यालयसँग निरन्तर संवादमा रहनुपर्छ। आवश्यक पर्‍यो भने विद्यालय परिवर्तन गर्नुपर्ने पनि हुन सक्छ। बच्चालाई कहिल्यै पनि पढ्ने दबाब दिने होइन, प्रोत्साहितचाहिँ गर्नुपर्छ।

**सरकारको जिम्मेवारी**

कैयौँ देशहरूमा एउटै मात्र विद्यार्थीले पनि विद्यालय छोड्यो भने त्यसलाई गम्भीर रूपमा लिइन्छ। त्यसको कारण खोजेर उपचारतिर लागिन्छ। कुनै पनि विद्यार्थी विद्यालयबाहिर रहन नपरोस् भन्नेमा सरकार चनाखो र सचेत हुन्छ। हाम्रो देशमा विद्यार्थीको विद्यालय छोड्ने दर निकै उच्च रहेको तथ्यांक सार्वजनिक भइरहँदा त्यसलाई शैक्षिक महामारीको रूपमा लिँदै तत्काल समाधानमा जुट्नु सरकारको जिम्मेवारी हो। ठाउँअनुसार विद्यालय छोड्ने कारणहरू केही फरक छन्। त्यसको गहिरो अनुसन्धान गरेर नीति, कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्नुपर्ने आवश्यकता छ।

## सांग्रिला डेभलपमेन्ट बैंकद्वारा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

काठमाडौं। सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफनो शाखाका कर्मचारीहरुको वृत्ति विकासको उद्देश्य राखेर बृहत रुपमा हाजिर जवाफ प्रतियोगिता आयोजना सम्पन्न भएको छ।

माघ २६, २०८० मा शाखास्तरमा शुरु भएको सो प्रतियोगिता फागुन २८ मा क्लष्टर स्तरमा हाजिर जवाफ प्रतियोगिता सम्पन्न भई सो प्रतियोगिताबाट छनौट भएकाहरु अन्तिम चरणमा आम्रपाली ब्याङ्क्वेट, काठमाडौंमा अन्तिम चरणको हाजिर जवाफ प्रतियोगिता सम्पन्न भएको हो।




हाजिर जवाफ प्रतियोगितालाई संचालन तथा कर्जा गरि दुई समूहमा वर्गीकरण गरिएको थियो। शाखा स्तरको प्रथम चरणमा ४६४ कर्मचारी सहभागि भएकामा सोबाट विजयी १८७ कर्मचारीले क्लष्टर स्तरको दोस्रो चरणमा भाग लिएका थिए। तत्पश्चात्, दोस्रो चरणमा विजयी तथा उपविजयी भएका संचालन तथा कर्जा समूहका २०-२० जना गरि जम्मा ४० जना प्रतियोगीहरुको अन्तिम चरणको कन्ट्रि राउन्डमा सहभागीता रहेको थियो।

सो कार्यक्रममा यस बैंकका कार्यकारी एवं उच्च व्यवस्थापन तहका कर्मचारी, विभागीय तथा इकाइ प्रमुखहरु, क्लष्टर/सब-क्लष्टर प्रमुख, शाखा प्रमुखहरु तथा अन्य कर्मचारीहरुसमेत गरि भौतिक रुपमा तथा अनलाइन रही करीब ३५० भन्दा वढी कर्मचारीहरुले उत्साहजनक रुपमा सहभागी भई प्रतियोगीहरुको हौसला बढाएका थिए।

उक्त अन्तिम चरणको हाजिर जवाफ प्रतियोगितामा संचालन समूहको तर्फबाट सुर्खेत सव क्लष्टरका महेश रावल तथा हेमन्त वि.सी. विजयी भएका थिए भने धनगढी क्लष्टरका निरज कुँवर तथा गणेश सिंह ठगुन्ना उप विजयी भएका थिए। त्यस्तै, कर्जा समूहका तर्फबाट काठमाडौं क्लष्टरका चेतन भट्टराई तथा सञ्जु कुमारी श्रेष्ठ विजयी भएकी थिइन् भने विरगंज सव क्लष्टरका लव देव पाठक तथा अरुण ब्लोन उप विजयी भएका थिए।

कार्यक्रममा दुई समूहका चार जना विजयी कर्मचारी प्रत्येकलाई नगद ६० हजार एवं दुई समूहका उपविजेता चार जना कर्मचारी प्रत्येकलाई नगद ४० हजार पुरस्कार सहित प्रमाणत्र प्रदान गरिएको थियो।

कार्यक्रममा बोल्दै यस बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठ बैंकको यस बैंकको इतिहासमै पहिलो तथा विकास बैंकहरुमै नौलो किसिमको यस्तो प्रतियोगिताले कर्मचारीहरुमा सिक्ने/पढ्ने बानी बसाली वृत्ती विकासमा बलियो टेवा पुग्ने हूनाले आगामी दिनहरुमा समेत बैंकले यस्ता कार्यक्रमहरु थप गर्दै जाने विश्वास व्यक्त गरे।

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




INTERNATIONAL CHILDREN'S LITERATURE CONFERENCE-2024
अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१

**First International Conference on Children's Literature**
September 20-22, 2024
Kathmandu

Organized by:
**Nepal Academy**
&
**Nepalese Society for Children's Literature (NeSChiL)**

Special Features
- Seminar Paper Presentation
- Panel Discussions
- Book Exhibition
- 'Meet the Author' Program
- Art Exhibition
- Cultural Performances
- Storytelling



Please register yourself. The first hundred entries from Nepal will be entertained on priority basis.
International delegates will be especially contacted by the organizers.
For registering, please log in to www.nepalbalsahitya.org.np



कौशलकुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल

प्रधान-सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## विद्यार्थीलाई शैक्षिक अभिमुखीकरण

काठमाडौं/ नेपाल इन्जिनियरिङ कलेज (नेक)को स्नातकोत्तर तहमा भर्ना भएका नयाँ विद्यार्थीहरुलाई शैक्षिक अभिमुखीकरण दिइएको छ।

नेक सेन्टर फर पोस्टग्राजुएट स्टडिजले आयोजना गरेको अभिमुखीकरणमा एम.एस्सी कन्ट्रक्सन मेनेजमेन्ट, इन्टरपिस्प्लीनरी वाटर रिसोर्स मेनेजमेन्ट, नेचुरल रिसोर्स मेनेजमेन्ट तथा ट्रान्सपोर्टेसन इन्जिनियरिङ म्यानेजमेन्टकाबारेमा जानकारी दिइएको बताइएको छ।

कार्यक्रममा कलेजका कार्यवाहक प्रिन्सिपल दुर्गाप्रसाद भण्डारीले शैक्षिक कार्यक्रमहरु महत्वपूर्ण रहेको भन्दै कलेज सदैव गुणस्तरीय शिक्षा प्रदान गर्न



प्रतिबद्ध रहेको बताए। देशकालागि चाहिने विशिष्ट जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान दिइएको बताउँदै नेक सिपिएसमै पढेका व्यक्तिहरु नेपाल सरकारका विशिष्ट ओहदामा पुगेका, राष्ट्रिय अन्तर्राष्ट्रिय तहमा पुन सफल भएका भनी गर्व पनि गरे।विद्यार्थीहरुको सिकाईका लागि सिपिएस कार्यक्रमकै लागि अनुभवी १२ जना फ्याकल्टीहरु उपलब्ध रहेको भण्डारीले बताए।

नेक सिपिएस कार्यक्रमका संयोजक प्रा.डा. तुसिता चाँदनी शाहीले दिनभरी काम गर्ने, बेलुकी पढ्ने र घरमा पारिवारिक कार्य गर्दै अध्ययनलाई अगाडि बढाउनु चुनौतिपूर्ण रहेपनि आफूहरु कसरी हुन्छ विद्यार्थीको पढाई र सिकाईलाई सहज होस् भन्ने वातावरण बनाउन लागिपर्ने बताइन्।

पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेकमा सन् १९९९ देखि पोस्ट ग्राजुएट तहमा चारवटा विषयमा अध्ययन अध्यापन हुने गरेको छ। साँझको समयमा पढाई हुने भएकाले सिपिएस कार्यक्रममा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कार्यरत कर्मचारी, फ्रिल्यान्सरहरुको आकर्षण छ। काम गर्दै मास्टर्स गर्न चाहनेहरुका लागि नेकले सञ्चालन गरेको सिपिएस कार्यक्रम महत्वपूर्ण रहेको बताइएको छ।

सन् १०९४ मा मुनाफारहित सामाजिक शैक्षिक संस्थाका रुपमा स्थापना भएको कलेजमा सिटिइभिटीको डिप्लोमा होल्डर्स विद्यार्थीहरुले समेत अध्ययन गर्न पाउँछन्।

## विशेष बाल अदालतको आवश्यकता

काठमाडौं/ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले विशेष बाल अदालत आवश्यक रहेको बताएकी छन्। केन्द्रीय बाल न्याय समितिले युनिसेफ नेपालसँगको सहकार्यमा आयोजना गरेको "बाल न्याय सम्बन्धी राष्ट्रिय गोष्ठी" कार्यक्रममा बोल्दै मन्त्री चौधरीले त्यस्तो बताएकी हुन्।

बालबालिकाकै विषयमा न्याय निरूपण गर्नका निम्ति पनि छुट्टै बालअदालत आवश्यक भएको बताउँदै उनले फौजदारी ऐन संहिता मात्रै काफी नहुने धारणा राखिन्। मन्त्री चौधरीले बालबालिका सम्बन्धी थुप्रै ऐन, कानूनहरूको व्यवस्था भए पनि त्यसको अक्षरशः पालना हुन नसकेको बताएकी छिन्।बालबालिका सम्बन्धी जति पनि अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरू पालना गराउनका निम्ति सरकार प्रतिबद्ध रहेको उनको दाबी थियो।

बालबालिका सम्बन्धी १३ वटा कानूनहरू बनेका जानकारी उनले दिइन्। त्यसको कार्यान्वयन तहमा अझै जान नसकेको बताउँदै त्यसलाई स्थानीय तहसम्म पुऱ्याउन आवश्यक रहेको धारणा राखिन्। कुनै पनि देशको अवस्था हेर्ने हो भने सबैभन्दा शुरुमा त्यहाँका बालबालिका र महिलाको अवस्था हेरिने गरेको भन्दै उनले विभिन्न तथ्याङ्कले केही वर्षयता मातृ तथा बाल मृत्युदर घट्दै गइरहेको देखाएको बताइन्। प्रत्येक जिल्लामा भएका बाल न्यायिक समितिहरूले साँच्चिकै बालबालिकाहरूको न्याय निरूपणमा काम गरेका छन् कि छैनन् भन्ने विषयमा पनि सोच्नुपर्ने अवस्था आएको उनले बताइन्।

यसैगरी बाल सुधार गृहको विषयमा पनि प्रश्न उठेको भन्दै उनले अहिले देशभर नौवटा बाल सुधार गृह भए पनि त्यहाँ राम्रो सुविधा नभएको बताइन्।देशभरका बालगृहमा क्षमताभन्दा बढी बालबालिकाहरू रहेको भन्दै मन्त्री चौधरीले त्यसको व्यवस्थापन गर्न आवश्यक रहेको बताइन् ।सुधार गृहमा रहेका बालबालिकाहरूको स्वास्थ्य जाँच, मनोपरामर्श जस्ता विषयहरूमा पनि अझ बढी ध्यान दिनुपर्ने अवस्था रहेको भन्दै उनले उनीहरूको सीप विकास तथा व्यवसायमुखी कार्यमा लगाउनुपर्ने आवश्यकता समेत औंल्याइन्।

केन्द्रीय बाल न्याय समितिका अध्यक्ष एवं सर्वोच्च अदालतका न्यायाधीश डा.आनन्दमोहन भट्टराईको अध्यक्षता तथा प्रधान न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा भारतका मुख्य न्यायाधीश धनञ्जय यशवंत चंद्रचूड, कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीले कार्यक्रमलाई सम्बोधन गरेका थिए।

# के नेपालमा तेस्रो जनआन्दोलनको पृष्ठभूमि बन्दैछ ?

**सुशील पन्त**

गत चैत्र अन्तिममा आम जनता पार्टीका अध्यक्ष प्रभु साहले काठमाडौंबाट तेस्रो जनआन्दोलनको घोषणा गरे। पहिलो जनआन्दोलनले पञ्चायती व्यवस्था र दोस्रोले राजतन्त्र अन्त्य गरेको स्मरण गर्दै उनले तेस्रोले लुटकारी दलतन्त्रलाई अन्त्य गर्ने दाबी गरे। 'नेपालको समृद्धिको लागि अहिलेको लुटकारी व्यवस्था अन्त्य गर्नुपर्छ,' चैत २४ गते जन आन्दोलन दिवसको अवसरमा काठमाडौंमा आयोजित खबरदारी सभालाई सम्बोधन गर्दै उनले घोषणा गरे। प्रभु साहभन्दा अगाडि विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंले गत मंसिर ७ मै जनआन्दोलन शुरू भएको घोषणा गरेका थिए। विभिन्न जिल्लाबाट लघुवित्त/सहकारी पीडितलाई काठमाडौं उतारेका प्रसाईंले प्रदर्शनलाई तेस्रो जनआन्दोलनको संज्ञा दिएका थिए।

तेस्रो जनआन्दोलनको हर गर्ने प्रभु साह र दुर्गा प्रसाई मात्रै होइनन्। २०६६ वैशाखमा सिंहदरबार कब्जा गर्ने उद्देश्यले काठमाडौंमा माओवादीले गरेको आमहड्तााललाई अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तेस्रो जनआन्दोलनको संज्ञा दिएका थिए। माओवादीको आमहड्ताल भने असफल भयो। २०७० सालमा दोस्रो संविधानसभा निर्वाचनपछि मोहन वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीका नेता सीपी गजुरेलले 'गोलमेच सम्मेलन' स्वीकार नगरिए तेस्रो जनआन्दोलन शुरू गर्ने चेतावनी दिए।

२०७५ फागुन १९ गते हेटौंडामा आयोजित कार्यक्रममा राप्रपा अध्यक्ष कमल थापाले पनि तेस्रो जनआन्दोलनको धम्की दिएका थिए। 'सरकारले हामीलाई कमजोर नठानोस्, जायज मागहरूको बेवास्ता गरिए तेस्रो जनआन्दोलन हुन्छ, नेपाललाई सनातन हिन्दूराज्य बनाउन हामी जस्तोसुकै कदम चाल्न पनि तयार छौं,' राप्रपाले आयोजना गरेको मेची-महाकाली स्वाभिमान कार्यक्रममा थापाले भनेका थिए।

उसो त उनै थापाले दोस्रो संविधानसभा निर्वाचनअघि विराटनगरमा रथयात्रा कार्यक्रममा तेस्रो जनआन्दोलन शुरू भएको बताएका थिए। दोस्रो जनआन्दोलनको समयमा शाही सरकारको गृहमन्त्री रहेका उनले जनआन्दोलन दबाउने मतियारको रूपमा काम गरेका थिए। भर्खै नयाँ संविधान जारी भएपछि सरकारमा उनकै हालीमुहाली चल्यो। चप्पल लगाउने वर्गले ल्याइदिएको परिवर्तनमा पहुँचवालाले रजाइँ गरे। जनआन्दोलन सफल बनाउन मुख्य भूमिका खेलेकाहरू अहिले पनि कष्टकर जीवन बाँचिरहेका छन्, खाडीमा पसिना बगाइरहेका छन्।

२०७७ माघ १२ गते बालुवाटारअगाडि गरिएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेपछि पत्रकार नारायण वाग्लेले तेस्रो जनआन्दोलन नै शुरू भएको घोषणा गरेका थिए। 'जुन तरिकाले हामीमाथि दमन भयो, अब तेस्रो जनआन्दोलन शुरू भयो,' कमलपोखरीमा पुरातात्विक संरचना बिगार्न खोजेको भन्दै नागरिक समाजका अगुवाले बालुवाटारअगाडिको धर्नामा प्रहरी हस्तक्षेपपछि पत्रकार वाग्लेले भनेका थिए। हुँदाहुँदा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेको समयमा तत्कालीन गृहमन्त्री रामबहादुर थापाले २०७७ माघ २३ गते जनआन्दोलनको उच्चारण गरेका थिए। 'आज समग्र जनता, गणतन्त्र र संविधान रक्षाका लागि फेरि आन्दोलित भएका छन्, आज वस्तुतः फेरि एउटा ऐतिहासिक जनआन्दोलनको शुरूआत भएको छ। लाखौं जनताको उपस्थितिले फेरि नेपालमा अर्को तेस्रो ऐतिहासिक जनआन्दोलन शुरू भएको छ भन्ने स्पष्ट गरेको छ,' गृहमन्त्री थापाले नारायणहिटीअगाडि आयोजित कार्यक्रममा भनेका थिए।

२०७७ सालको जेठ असारमा काठमाडौंलगायत शहरी क्षेत्रमा 'इनफ इज इनफ' नामक अभियानको ब्यानरमा अलि फरक खालको आन्दोलन भयो। कोरोना संक्रमण नियन्त्रणका लागि केही माग राखेर शिक्षित र शहरिया मध्यम वर्गका युवालाई आकर्षित गर्ने त्यो अभियानलाई पनि कतिपयले तेस्रो जनआन्दोलनको संज्ञा दिएका थिए। सरकारसँग सामान्य सहमतिमा 'इनफ इज इनफ'को आन्दोलन टुंगियो।

माथि उल्लेखित पात्रहरूले दाबी गरेजस्तो तेस्रो जनआन्दोलन नेपालमा शुरू भएको छैन। दाबी गरिएका प्रदर्शन या आन्दोलनलाई 'जनआन्दोलन' भन्ने हो भने त यसअघि भएका महान जनआन्दोलनको अपमान हुन्छ। दोस्रो जनआन्दोलनको प्रत्यक्ष साक्षी भएको म दशकयता यही विषयमा पटक-पटक लेख्दै पनि आएको छु-के नेपालमा तेस्रो जनआन्दोलन होला ?

दोस्रो जनआन्दोलनका कमाण्डर स्व. गिरिजाप्रसाद कोइरालाले जनआन्दोलन शुरू हुनुअघि र आन्दोलन सफल भएपछि पनि भन्ने गरेका थिए- 'मेरो जीवन प्रजातन्त्रको लडाईंमै सकियो, नयाँ पुस्ताले फेरि प्रजातन्त्रका लागि लड्नु नपरोस्।' कोइरालाले कामना गरेजस्तो भएन, दोस्रो आन्दोलनका एजेण्डा अधुरा रहँदा तेस्रो जनआन्दोलनको आधार बाँकी नै छन्।

कुनै पनि आन्दोलनले 'जनआन्दोलन'को स्वरूप लिन निश्चित उद्देश्य र एजेण्डा आवश्यक हुन्छन्, जसले जनतालाई आन्दोलनमा सहभागी हुन आकर्षित र प्रेरित गर्छ। २०४६ सालको जनआन्दोलन नेपालबाट निरंकुश पञ्चायती व्यवस्था फालेर प्रजातन्त्र ल्याउने महान् उद्देश्य प्राप्तिका लागि थियो। तानाशाही पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाका लागि अत्यन्त प्रतिकूल समयमा २०४६ सालमा जनआन्दोलन सफल भयो। बीसौं शताब्दीको अन्त्यतिर नेपाली जनताले स्वतन्त्रता चाहेका थिए। अर्थात् पहिलो जनआन्दोलन सामा बन्द समाजलाई खुला समाजमा रूपान्तरण गर्न भएको थियो। गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी जस्ता निःस्वार्थी नेताको पुस्ताले नेतृत्व लिएर २०४६ सालमा जनआन्दोलन सफल बनाएको थियो। आन्दोलनको नेतृत्व गरेका दलहरूप्रति जनताको विश्वास र भरोसा अटुट थियो।

आन्दोलनपछिका शुरूआती दिनमा केही सकारात्मक शुरूआत नभएका होइनन् तर, जनआन्दोलन सफल भएको केही समयमा प्रजातन्त्रको रुखमा ऐजेरु पलाउन शुरू भयो। संसदीय प्रजातन्त्र एकातिर 'पजेरो र प्राडो' काण्डले बदनाम भयो भने अर्कोतर्फ संसदीय व्यवस्थाले जरा टेक्न नपाउँदै नेपालमा माओवादी सशस्त्र जनयुद्ध शुरू भयो। छोटो समयमा सत्ताका लागि भएका जायज/नाजायज काण्डले २०४६ सालको आन्दोलनका उपलब्धि गुमे। ९ महिनामा सरकार फेर्ने प्रतिस्पर्धाले जनताको जीवनमा सुधार र देशको विकासभन्दा पनि यो कालखण्ड संसदीय व्यवस्थाको बदनामीको चरणबाट गुज्रियो। जनआन्दोलन गरेका दलको नालायकीका कारण सत्तामा पञ्चहरूको बोलबाला शुरू भयो।

पहिलो जनआन्दोलन सम्पन्न भएको १६ वर्षपछि २०६२/०६३ सालमा नेपालमा पुनः दोस्रो जनआन्दोलन गर्नुपर्ने जबरजस्त अवस्था सिर्जना भयो। २१औं शताब्दीको विश्वकै पहिलो रक्तपातहीन जनक्रान्ति, जसको पृष्ठभूमि बनाउन मात्रै ४ वर्षको समय लाग्यो। रत्नपार्क आसपासमा कांग्रेस र एमालेका अढाइ सय कार्यकर्ता भेला हुने र चना/बदामको लयमा प्रतिगमन मुर्दावादका नारा लगाएर ४ वर्ष गुज्रियो। २०६२ मंसिरमा दिल्लीमा माओवादी र संसद्वादी दलहरूबीच १२ बुँदे समझदारी भएपछि मात्र शहर र जंगलको आन्दोलनको फ्युजन भयो, अनि मात्र सर्वसाधारण आन्दोलनमा होमिए। जनआन्दोलन सफल भयो। प्रतिनिधि सभा पुनर्स्थापना भयो र लोकतन्त्र लयमा फर्कियो।

२०६२/६३ सालको जनआन्दोलनमा जनताको उत्साहजनक सहभागिताका बहुआयामिक कारण थिए। माओवादी सशस्त्र संघर्षका नाममा राज्य र गैरराज्य पक्षबाट भएका अत्याचारले जनता प्रताडित भएका थिए, निसासिएका थिए। निर्दोष व्यक्तिहरू दोहोरो सत्ताको जाँतोमा पिल्सिएका थिए। त्यसबाट उन्मुक्ति पाउन सर्वसाधारणले राजनीतिक दलहरूले आह्वान गरेको आन्दोलनमा ऐक्यबद्धता जनाएका थिए, जसलाई हामीले जनआन्दोलन भन्यौं। समय कति कहालीलाग्दो र अँध्यारो थियो, सुरक्षा जाँचका नाममा मध्यरातमा सर्वसाधारणको बेडरूममा सुरक्षाकर्मी बुट बजाउँदै पुग्थे। काठमाडौंको सिंहदरबारमा मात्र होइन, गाउँका सिंहदरबारमा पनि रजौटे प्रवृत्तिको भूत सवार भइरहेको छ।

यात्रा गर्दैगर्दा सर्वसाधारण जनता माओवादी आरोपमा बेपत्ता बनाइन्थे। सोधपुछका नाममा ब्यारेकमा यातना पाउँथे। सुराकीको नाममा माओवादीको शिकार बन्थे। गाउँका सोझासाझा जनताले घरमा पालेको खसी र कुखुराको भाले काटेर नयाँ र पुरानो सत्ताका सिपाहीलाई खुवाउनुपर्थ्यो। त्यो कहालीलाग्दो 'काँडेतार'को युगबाट उन्मुक्ति पाउने आशामा जनता आन्दोलनमा होमिएका थिए।

बेरोजगार युवाहरूले स्वदेशमै रोजगारीको आशा राखेका थिए। जमिन नहुने सुकुम्बासीले बाँसको अपेक्षा राखेका थिए। समग्रमा देशमा आर्थिक समृद्धि र उन्नतिमार्फत् आफ्नो जीवनमा सुधारको अपेक्षा सबै जनताको थियो। तर, जनआन्दोलनको राप सेलाउन नपाउँदै जनताका सपनामा तुषारापात भयो। जनआन्दोलन भएको दशक नबित्दै दलहरूले पुराना प्रतिवद्धता बिर्से। दलहरूमा पुरानै कार्यशैली दोहोरियो। यही कालखण्डमा इतिहासकै सबैभन्दा ठूलो मन्त्रिमण्डल गठन भए, सत्ता टिकाउने नाममा जायज/नाजायक खेल भए। नयाँ पजेरो काण्डको पुनरावृत्ति भयो। काठमाडौंको सिंहदरबारमा मात्र होइन, गाउँका सिंहदरबारमा पनि रजौटे प्रवृत्तिको भूत सवार भइरहेको छ। लाउडाबाई माथ गर्ने 'वाइडबडी' काण्ड यही समयमा भयो। सायद यस्तै बेथितिले होला, दोस्रो जनआन्दोलनमा कहीं कतै नदेखिएका पात्र यतिबेला सत्ताको 'किङ मेकर' भएका छन्। शून्यमा झरेको पूर्वपञ्चको पार्टी सत्ता समीकरणमा प्रभाव पार्ने हैसियतसहित संसदमा उपस्थित भएको छ। यतिठूलो राजनीतिक परिवर्तनको नेतृत्व गरेका नेतालाई 'चोर' र आन्दोलनमा सहभागी नभएका प्रचारवाजहरू नायकको रूपमा देखा परेका छन्। जनतामा वैशाख ११ गतेको लोकतन्त्र दिवसप्रति कुनै मोह देखिँदैन।

इतिहासको सही समीक्षा गर्ने हो भने २०६३ सालको परिवर्तन 'चप्पल लगाउने वर्ग'ले ल्याइदिएका थिए, जनआन्दोलनको अग्रपंक्तिमा उनीहरू नै थिए। गोली खाने, घाइते बन्नेहरू त्यही वर्ग थियो। बरू अहिले सत्ताको हालीमुहाली गरिरहेका कतिपय नेताहरू जनआन्दोलनको विपक्षमा थिए। जनआन्दोलन उत्कर्षमा पुग्दै गर्दा आन्दोलनकारीको मनोबल गिराउने अभिव्यक्ति दिनमै व्यस्त थिए।

चप्पल लगाउने वर्गले ल्याइदिएको परिवर्तनमा पहुँचवालाले रजाइँ गरे। राज्यकोषको चरम दोहन गरे, साधनस्रोत आफ्नै परिवारमा केन्द्रित गरेर पुस्तौँलाई पुग्ने सम्पत्ति जोडे। जसले जनआन्दोलन सफल बनाउन मुख्य भूमिका खेले, उनीहरू अहिले पनि कष्टकर जीवन बाँचिरहेका छन्, खाडीका मुलुकमा सस्तो ज्यालामा पसिना बगाइरहेका छन्। जो जनआन्दोलनको विपक्षमा थिए, उनीहरूले अवसर लुटिरहेका छन्।

विश्व समुदायलाई चकित बनाएको त्यो अभूतपूर्व जनक्रान्तिलाई सत्ता केन्द्रित स्वार्थी राजनीतिले ओझेल पारिदियो। नेपाली कांग्रेस छाडेर मधेशी फोरमबाट चुनाव जितेर सत्ता समीकरणमा विजय गच्छदारको हालीमुहाली चल्न थालेपछि २०६५ सालपछि सुनसरीमा एउटा कहावत चलेको थियो, 'उपेन्द्रले पालेको माछा गच्छेदारले तारेर खाइदियो।' त्यस्तै भयो राष्ट्रिय राजनीतिको सवालमा पनि। एउटा वर्गले आन्दोलन गऱ्यो, त्यसको फाइदा अर्कै वर्गले लुट्यो। नेपालमा हालसम्म २ वटा ठूला आन्दोलन भए, पहिलो आन्दोलनले पञ्चायत फालेर प्रजातन्त्र र दोस्रोले निरंकुश राजतन्त्र अन्त्य गरेर मुलुकमा लोकतन्त्रको स्थापना भयो। जनआन्दोलनको बलमा देशमा लोकतन्त्र र गणतन्त्र स्थापना भयो। त्यही गणतन्त्रसँग जोडिएर आएको संघीयता बदनाम कहलिएको छ।

दुःखको कुरा, मुलुकमा 'कागजी गणतन्त्र' स्थापना भएको १६ वर्ष पुगिसके पनि जनताले त्यसको अनुभूति गर्न पाएनन्। प्रजातन्त्र, राजाको प्रत्यक्ष शासन, लोकतन्त्र वा गणतन्त्र जुनसुकै व्यवस्था आए पनि जनताले परिवर्तनको वास्तविक अनुभूति गर्न पाएका छैनन्। सरकारी अड्डामा पञ्चायतको भूत अझै सवार छ। साना-साना काम गर्न पनि जनताले घुस खुवाउनुपर्ने बाध्यता छ। भ्रष्टाचार झन् डरलाग्दो ढंगले बढेको अख्तियारले दायर गरेको मुद्दाको आँकडाले देखाउँछ।सरकारी कर्मचारीलाई घुस नदिई नागरिकको कुनै काम बन्दैन, यो कटु सत्य र वास्तविकता हो। मालपोत, यातायातजस्ता जनताको प्रत्यक्ष सरोकार राख्ने कार्यालयमा गएर ५ जना सेवाग्राहीलाई सोध्दा थाहा हुन्छ सरकारी कार्यालयमा घुस घटेको छ कि बढेको छ भनेर। एक जना सर्वसाधारण, कसैको भनसुनविना आफ्नो प्रशासनिक मुख्यालय सिंहदरबार प्रवेश गर्न पाउँदैन।

राष्ट्रपतिको सवारीमा सर्वसाधारणले राजाको प्रत्यक्ष शासनकै झल्को दिने गरी घण्टौं सडक खाली गर्ने प्रचलन अझै रोकिएको छैन। आजै मात्र कतारका राजाको भ्रमणमा बिदा दिइएको छ। राज्यका निकायमा नियुक्ति पाएका मन्त्री र पदाधिकारीले राज्यकोषको रकममा मोजमस्ती गरिरहेका छन्। जाजरकोटका भूकम्पपीडित सर्वसाधारण नागरिक सिटामोल र जीवनजल जस्ता आधारभूत औषधि पाउनबाट वञ्चित छन्। उनै जनताको नाम भजाएर 'गरीबी निवारण'का कार्यक्रम नवीकरण भइरहेका छन्। के गणतन्त्र भनेको सरकारी कार्यालयका होडिङ बोर्ड फेरिनु मात्र हो ? होइन भने सर्वसाधारणले सार्वभौम नागरिकको पहिचान कहिले पाउने ? पहुँचवाला सीमित नेताबाहेक सर्वसाधारणले गणतन्त्र आएपछि के फरक पाए ? उनीहरूको जीवनमा के सुधार आयो ? यो विषयमा कसले सोच्ने र कहिले समीक्षा गर्ने ?

सर्वसाधारण जनताको भोगाइमा सरकारको सेवाप्रवाह २०५२ सालमा माओवादी सशस्त्र संघर्ष शुरू हुनुपूर्वको अवस्था र अहिलेको अवस्थामा तात्विक भिन्नता छैन। यो बेग्लै कुरा हो, पटक-पटक सरकारको नेतृत्वमा पुगेको र अहिले पनि सरकारको नेतृत्वमा रहेको माओवादी मौन छ। जे कारणले नेपालमा माओवादी 'जनयुद्ध' शुरू भएको थियो, ती आधारभूत कुराहरू ज्यूँका त्यूँ छन्। रुकुम/रोल्पामा विद्रोहको राप बाँकी नै छ, मात्र माओवादी नेताहरू मौन छन्। प्रचण्ड, वैद्यदेखि विप्लवसम्मका नेताहरू अझै पनि रुकुम रोल्पाका जनताको असन्तुष्टिलाई देखाएर शक्तिआर्जनमा लागिरहेका छन्। आफ्नो वर्ग रूपान्तरण गरिसकेका उनीहरूले बेलाबखत रोल्पा रुकुमको भावनामा खेल्ने प्रयास गर्छन-हामी उथलपुथल ल्याउछु भन्छन्। तर कसले पत्याउने ?

अध्ययनहरूले के देखाएको छ भने सशस्त्र द्वन्द्व भएका मुलुकमा द्वन्द्वपछिको कालखण्डमा एउटा अभिजात र नवधनाढ्य वर्गको जन्म हुन्छ। राज्य कमजोर भएको मौकामा व्यापारीहरूले तस्करी र कालोबजारीमार्फत् करोडौं कमाउने गरेका छन्। दोस्रो जनआन्दोलन पछिका डेढ दशकमा नेपालमा पनि त्यही भयो। स्वयं क्रान्तिको नेतृत्व गरेको पार्टीका प्रभावशाली नेताहरू सुन तस्करीको आरोपमा पक्राउ पर्ने अवस्था सृजना भयो। कमाण्डरहरू तस्करीमा पर्ने, नेताका छोरा सहकारी ठगीमा जेल जाने अवस्था सृजना भयो।

राजनीतिक दलका नेताको आडमा ठेकेदारले एउटा सडक बनाउन दशकौं लगाउँछ, ढलाइ गर्न नपाउँदै भत्किने पुल बनाउँछ, धान रोप्ने समयमा ल्याउनुपर्ने मल धान काटेपछि ल्याउँछ। राजनीतिक संरक्षणमा भइरहेको यो दण्डहीनताले देशलाई जर्जर बनाउँदैछ। देशमा यो बेथिति आउनुको कारण राजनीतिमा मौलाएको डनवाद र धनवाद मुख्य कारण हो। स्वयं जनयुद्ध गरेका क्रान्तिकारीहरू समेत कमाउ धन्दामा लागे। जनयुद्धलाई आदर्श मान्नेहरू 'धनयुद्ध'मा रमाउन थाले। हिजोका सर्वहारा नेताहरू केही वर्षमै नाटकीय ढंगले काठमाडौंका सुविधा सम्पन्न 'भिल्ला' कब्जा गर्न थाले। चिल्ला गाडीमा सयर गर्ने भए। परन्तु जे कारणले जनयुद्ध भएको थियो वा जनआन्दोलन उठेको थियो, ती मुद्दाहरू सडकमै छरपष्ट छन्, केवल नारायणहिटीबाट ज्ञानेन्द्र हट्नुबाहेक।सर्वसाधारणको दिनचर्या दिनप्रतिदिन झन् कष्टकर बन्दै गइरहेको छ। काठमाडौंमा ठडिएको धरहरा, राजधानीबासीको धारामा भरेको मेलम्चीको पानी वा नागढुंगाको २ किलोमिटर सुरुङले आमजनताको जीवनस्तरमा तात्विक भिन्नता ल्याउने छैन। देशमा धनी र गरीबबीचको खाडल झन् फराकिलो बन्दैछ। छोराछोरी पाल्न नसकेर आमाहरूले नाबालकसहित खोलामा हामफाल्ने गरेका समाचार आइरहेका हुन्छन्। शिक्षा र स्वास्थ्य क्षेत्रमा भएको व्यापारीकरणका कारण सर्वसाधारणहरू संविधानले परिभाषित गरेको मौलिक अधिकार र न्यूनतम सुविधाबाट समेत वञ्चित बन्नुपर्ने अवस्था सिर्जना भएको छ। संविधानले शिक्षा र स्वास्थ्य राज्यको दायित्व हुने भनेको छ तर, पैसा नहुनेहरू उपचार गर्न नसकेर मर्नुपर्ने अवस्था छ। सरकारी अस्पतालमा सामान्य शल्यक्रियाका लागि मानिसहरूलाई महिनौं कुर्नुपर्ने बाध्यता छ। गणतन्त्रका नाममा सरकारी कार्यालयका होडिङ बोर्ड परिवर्तन भएर के भयो ? जब सरकारी कर्मचारीको व्यवहार सुध्रिएको छैन भने।

निरंकुश राजतन्त्रको अन्त्य र संविधान सभामार्फत् संविधान जारी भइसकेको अवस्थामा जनआन्दोलनका लागि ठूला राजनीतिक एजेन्डा त बाँकी छैनन् तर, जनआन्दोलन उठ्न सक्ने कारकतत्व भने काफी बाँकी छन्। जनतामाथि करको बोझ थुपार्ने तर, आधारभूत आवश्यकताबाट राज्य विमुख हुने अहिलेको अवस्थाले जनआक्रोशको पारो बढ्दैछ। स्रोतसाधनमा पहुँचवालाको मनोमानी, कुशासन, भ्रष्टाचार, महँगी, कालोबजारी, शिक्षा र स्वास्थ्यमा भइरहेको चरम व्यपारीकरण नातावाद/ कृपावाद र बेथिति यस्तै ढंगले मौलाउँदै जाने हो भने नेपालमा कुनै बेला तेस्रो जनआन्दोलन नउठ्ला भन्न सकिन्न। देशमा सधैंभरि यस्तै राजनीतिक अस्थिरता, भ्रष्टाचार, जनतामा गरीबी, अभाव र अत्याचार बाँकी रह्यो भने नेपालमा तेस्रो जनआन्दोलन अवश्यम्भावी हुनेछ। परिदृश्यमा नदेखिएको कुनै 'नायक'ले त्यसको नेतृत्व लिनेछ, जसरी एउटा हावादारी प्रसाईंले जनता भड्काएर धेरैको ध्यानाकर्षण गर्न सफल भए। हुनसक्छ, त्यो जनआन्दोलन वा क्रान्ति उठ्न केही दशक किन नलागोस्!

## नेपाल लाइफद्वारा निःशुल्क स्वास्थ्य शिविर

काठमाडौं। नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो २३औं वार्षिकोत्सवको अवसरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। कम्पनीले वैशाख २१ र २२ गते कम्पनीको केन्द्रीय कार्यालय क्लासिक कम्प्लेक्समा उक्त निःशुल्क शिविर सञ्चालन गरेको हो।




उक्त शिविरबाट करिब ५ सय जनाभन्दा बढी लाभन्वित भएको कम्पनीले जनाएको छ। शिविरमा इसीजी, ईको, लिपिड प्रोफाइललगायतका विशिष्टीकृत जाँच गरिनुका साथै निःशुल्क औषधि पनि वितरण गरिएको थियो। कार्यक्रममा कर्मचारी,अभिकर्ता, ग्राहक तथा सर्वसाधारणको बाक्लो उपस्थिति रहेको कम्पनीले जनाएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले मानवको सबैभन्दा महत्त्वपूर्ण पक्ष स्वास्थ्य रहेको र समय-समयमा स्वास्थ्य परीक्षण गराउनु नितान्त आवश्यक रहेकाले शिविर सञ्चालन गरिएको जानकारी गराए।

संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत उनले हाल काठमाण्डौमा शिविर सञ्चालन गरिएको र अब आगामी दिनमा नेपालको दूरदराजमा स्वास्थ्य सेवाबाट वञ्चित सीमान्तकृत तथा आर्थिक रूपले विपन्न वर्गको स्वास्थ्य परीक्षण गर्ने खालको कार्यक्रम सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरे। कम्पनीले बुआ केयरको प्राविधिक सहयोगमा दुई दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो। स्वास्थ्य शिविरमा ५०३ जना व्यक्तिहरूले सहभागिता जनाएका थिए। जसमध्ये ४९० जनाले रक्तचाप परीक्षण , ३९३ जनाले लिपिड प्रोफाइल, ३३३ जनाले ईसीजी परीक्षण र ४५० जनाले डाक्टरसँग परामर्श लिएका थिए।

## एनआइसी एसियाको सम्मान

काठमाडौं। वाफ च्याम्पियनसिप उपविजेता नेपाली महिला फुटबल




टोलीलाई एनआईसी एसिया बैंकले सम्मान गरेको छ। एनआईसी एसियले टोलीमा रहेका २३ खेलाडी र ८ अफिसियललाई जनही २५ हजार प्रदान गऱ्यो। सोमबार एनआईसी एसियाका सीईओ रोशनकुमार न्यौपाने, सहायक सीईओ सन्तोषकुमार राठी, एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङलगायतले नेपाली टोलीलाई सम्मान गरेका थिए।

नेपाली महिला फुटबलले असाधारण सफलता हात पारेकाले सम्मान गरेको बैंकले जनाएको छ। फागुनमा साउदी अरेबियामा सम्पन्न प्रतियोगितामा नेपाल फाइनलमा जोर्डनसँग पेनाल्टी शुटआउटमा पराजित भएको थियो। यस्तै एनआईसी एसिया बैंकले राष्ट्रिय टोलीकी गोलरक्षक अञ्जना रानामगरलाई आफ्नो ब्रान्ड प्रमोटरमा नियुक्त गरेको छ।

## ग्लोबल आइएमईबीच सम्झौता

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेड र बडीमालिका नगरपालिकाबीच उद्यमशीलता, आत्मनिर्भरता र स्वरोजगारी प्रवर्द्धन गर्न पालिकाभित्र रहेका उद्यमीहरूलाई सरल र सहजरूपमा कर्जा प्रवाह गर्नेसम्बन्धी




सम्झौतामा हस्ताक्षर भएको छ। यससम्बन्धी सम्झौतामा ग्लोबल आइएमई बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल तथा बडीमालिका नगरपालिकाका तर्फबाट नगर प्रमुख अमरबहादुर खड्काले हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार बैंकले पालिकाभित्रका कृषक, कृषि उद्यमी, कृषि फर्म तथा कृषि कर्ममा स्वरोजगार बन्न चाहने नगरबासीलाई सरल र सहजरूपमा कर्जा प्रवाह गर्नेछ।

उक्त कर्जाले नगरपालिकाभित्र उद्यमशिलतामार्फत आत्मनिर्भर र स्वरोजगार प्रवर्द्धन हुने विश्वास बैंकले लिएको छ। ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १ हजार १०० भन्दा बढी सेवा केन्द्र रहेका छन्।

## हिमालयन बैंकद्वारा प्रहरीलाई गोप्रो क्यामरा हस्तान्तरण

काठमाडौं। हिमालयन बैंकले जिल्ला प्रहरी कार्यालय वीरगन्जलाई विभिन्न सामग्री हस्तान्तरण गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत जिल्ला प्रहरी कार्यालय, वीरगंज, पर्सालाई रुपैयाँ तीन लाख सात हजार पाँच सय बराबरको चेष्ट स्ट्राप सहित पाँच थान गोप्रो हिरो १२ क्यामरा खरिद गरी हस्तान्तरण गरेको छ।



जिल्ला प्रहरी कार्यालय, वीरगंज, पर्साको अनुरोधमा पर्सा जिल्लामा शहरीकरण, सवारी चाप, लुटपाट, पाकेटमार, चोरी, आन्दोलन, बन्द, हड्ताल आदि जस्ता गतिविधिहरुको निगरानी तथा रोकथाम गर्न बैंकले जिल्ला प्रहरी कार्यालय, वीरगंज, पर्सालाई सो सहयोग प्रदान गरेको हो।

बैंकका तर्फबाट बैंकका प्रमुख प्रशासकीय अधिकृत पवन अग्रवाल र बैकका मधेश प्रदेशका प्रदेश प्रमुख सागर कुमार रेग्मीले सहयोग स्वरुप सो क्यामरा प्रहरी उपरीक्षक कुमुद ढुङ्गेललाई एक समारोहकोबीच हस्तान्तरण गरे। उक्त समारोहमा बैंकका तथा जिल्ला प्रहरी कार्यालयका अन्य कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो।

## मुक्तिनाथ विकास बैंकले काठमाडौं विश्वविद्यालयलसँग गऱ्यो सहकार्य

काठमाडौं। मुक्तिनाथ विकास बैंकले दिगो विकासमा टेवा पुग्ने उदेश्यले ग्रीन हाइड्रोजन इन्धनका अनुसन्धानको लागि काठमाडौं विश्वविद्यालय सँग सहकार्य गरेको छ। एक कार्यक्रम बीच बैंकले काठमाडौं विश्वविधालय अन्तर्गत रहेको ग्रीन हाइड्रोजन ल्याबलाई अनुसन्धानका लागि आर्थिक सहयोग गर्ने सम्झौतापत्रमा हस्ताक्षर गरेको छ।

उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेल र काठमाडौं विश्वविधालयका उपकुलपति डा. भोला थापा, ग्रीन हाइड्रोजन ल्याबका प्रमुख डा. बिराज सिंह थापा तथा दुबै संस्थानका अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। हाल ग्रीण हाइड्रोजन ल्याबले ग्रीण हाइड्रोजन फर थर्मल



हिटका लागि अनुसन्धान गर्ने छ।

यस सहयोगहरुबाट मुक्तिनाथ विकास बैंकले नेपालमा रहेको प्राकृतिक स्रोतको असिमित सम्भावनाहरुलाई अनुसन्धान गर्ने मौका सँगै भविष्यमा नेपालको दिगो विकासमा पनि मद्दत पुग्ने विश्वास लिएको छ।

## दैलेखको दुल्लूमा नबिल बैंकको २६८औं शाखा सञ्चालन

दैलेख। नबिल बैंक लिमिटेडले कर्णाली प्रदेशको दैलेख जिल्लामा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। नबिल बैंकले आफ्नो २६८औं शाखाको रूपमा दैलेख जिल्लाको दुल्लू नगरपालिकामा शाखा विस्तार गरेको हो। यस विस्तारसँगै नबिल बैंक दुल्लू नगरपालिकाको पहिलो निजी क्षेत्रको बैंकका रुपमा सेवा दिन सफल भएको हो।

दुल्लू नगरपालिका प्रमुख भरतप्रसाद रिजाल, नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत (डेपुटी सिइओ) मनोज ज्ञवाली, स्थानीय जनप्रतिनिधिहरु,



स्थानीय उद्यमी व्यवसायी तथा सरोकारवालाहरूको उपस्थितिमा गत शुक्रबार दुल्लू शाखाको उद्घाटन गरिएको नबिल बैंकले जनाएको छ। देशको अग्रणी वाणिज्य बैंक नबिलले जनतामा वित्तीय पहुँच बढाउन विभिन्न ठाउँमा सेवा विस्तार गर्दै आएको छ। दुल्लू नगरपालिका प्रमुख रिजालले नबिल बैंकको शाखा सञ्चालनमा आएसँगै स्थानीयलाई वित्तीय सेवा लिन निकै सहयोग पुग्ने बताए। ‘देशकै अग्रणी बैंकले हाम्रो नगरपालिकामा निजी क्षेत्रको पहिलो बैंकका रुपमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। यो निकै खुसीको कुरा हो। यहाँको जनताको वित्तीय पहुँच बढाउन र यहाँ उद्यम व्यवसाय विस्तार गर्न यस शाखाले ठुलो सहयोग पुग्ने विश्वास लिएको छु,’ रिजालले भने।

नबिल बैंकका डेपुटी सिइओ ज्ञवालीले ऐतिहासिक महत्व बोकेको दुल्लु क्षेत्रमा नयाँ शाखा सञ्चालमा ल्याउन पाएको भन्दै खुसी व्यक्त गरे। डेपुटी सिइओ ज्ञवालीले बैंकले डिजिटल सेवाका साथै सम्पूर्ण सुविधा प्रदान गर्न प्रतिबद्ध रहेको बताए।

नबिल बैंक नेपालको अग्रणी वाणिज्य बैंकहरू मध्ये एक हो। बैंकले देशभर २६८ शाखा सञ्जालसहित २२ वटा एक्सटेन्सन काउन्टर र ३१३ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ। नबिल बैंकले २२ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

## सिटिजन्स बैंकका ग्राहकलाई भिवान्ता काठमाडौंमा छुट

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र भिवान्ता काठमाडौंबीच समझदारी भएको छ। बैंक र झम्सिखेल, ललितपुर स्थित भिवान्ता काठमाडौंबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको हो। सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले भिवान्ता



काठमाडौंको सेवाहरुमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ। बैंकले देशैभरी रहेका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट १७ लाख २४ हजार ग्राहकवर्गलाई बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ।

## प्रभु बैंकबीच विशेष छुट सम्झौता

काठमाडौं। गणेशमान सिंह मेमोरियल हस्पिटल एण्ड रिर्सच सेन्टर ललितपुर १, महालक्ष्मिस्थान र प्रभु बैंक लिमिटेड बीच बैंकका ग्राहकलाई अस्पतालको सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ। एक समारोहका बीच जिएसएमएचआरसीका अध्यक्ष दिपक प्रकाश बास्कोट र प्रभु बैंकका प्रमुख बजार व्यवस्थापन अधिकृत रविन्द्र ढकालले समझदारी ज्ञापनपत्रमा हस्ताक्षर गरेका छन् ।



सम्झौता अनुसार प्रभु बैंकका सम्पूर्ण ग्राहकहरु, कार्ड प्रयोगकर्ताहरु, कर्मचारी तथा कर्मचारीका पारिवारले अस्पतालमा उपचार सेवा लिँदा अन्तरङ्ग तथा बहिरङ्ग सेवामा ओपिडि टिकट बाहेक रेडियोलोजी, प्याथोलोजी, फार्मेसी, फिजियोथेरापी र दन्त चिकित्सालय लगायतका सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्ने बताइएको छ।

प्रभु बैंकद्धारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ ‘अस्पतालले केही दशकदेखि निरन्तर स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ। एकै छानामुनी आकस्मिक उपचार देखि सघन उपचार अनि पेन मेडिसिन लगायत उपलब्ध गराउँदै आईरहेको छ।’

प्रभु बैंकले नेपालभर ३०२ शाखा कार्यालयहरु, २८५ एटीएम साथै ७० एक्सटेन्सन काउन्टरबाट ३१ लाख भन्दा बढि ग्राहकहरुलाई ‘बिश्वास लिन्छौं, विश्वास दिन्छौं’ भन्ने नारा सहित बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको जनाएको छ।

## एभरेष्ट बैंकको कार्यालय आफ्नै भवनमा

काठमाडौं। एभरेष्ट बैंक लिमिटेडले वीरगञ्ज शाखा तथा मधेश प्रदेशको प्रादेशिक कार्यालय आफ्नै भवनबाट सुरु गरेको छ। आईतबार आयोजित कार्यक्रमकाबीच वीरगञ्ज महानगरपालिका वडा नं. १०, आदर्शनगर स्थित बैंकले आफ्नो वीरगञ्ज शाखा तथा मधेश प्रदेशको प्रादेशिक कार्यालय सोही नगरको वडा नं. ४ आदर्शनगरमा आफ्नै नव निर्मित भवनमा स्थानान्तरण भई सम्पूर्ण बैंकिङ तथा सेवाहरु सुचारु गरेको छ।




उक्त स्थानान्तरण तथा शुभारम्भ कार्यक्रममा वीरगञ्ज चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष हरी गौतम, बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बाल गोपाल वैद्य लगायत सो क्षेत्रका उच्च पदस्थ व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

सो कार्यक्रममा बैंकका मधेश प्रदेशका प्रादेशिक प्रबन्धक पुष्प राज उप्रेतीले उक्त नव निर्मित आफ्नै भवनबाट ग्राहकहरुले अझ बृहत र परिष्कृत बैंकिङ सेवा तथा सुविधा सरल, सुलभ र सहज रुपमा उपभोग गर्न सक्ने बताए। पंजाब नेशनल बैंक भारत संग संयुक्त साझेदार रहेको यस बैंक स्थापना काल देखि नै ग्राहकहरुको पहिलो रोजाइको यस बैंकमा हालसम्म करिब १४ लाख सन्तुष्ट ग्राहकहरु रहेका छन्।

# हाम्रो समाजमा अथाह पाखण्ड छन्

सीके लाल

विषय अलिकति गहन छ– बौद्धिकताको कसीमा नेपाली समाज। व्यावहारिक रूपमा यस विषयमा कुरा गर्न सजिलो छ। व्यावहारिकता सिद्धान्तबाट आउने हो। सिद्धान्तमुक्त भएर व्यावहारिकता हुँदैन। सबैभन्दा पहिले यो 'किनोट स्पिच'कै कुरा गरौँ। 'किनोट स्पिच'लाई हिन्दीमा बीज वक्तव्य भन्दा रहेछन्। कुन अर्थमा भने– बीजबाट रुख पलाउँछ, त्यसमा फूल फुल्छ, फेरि फल हुन्छ र बीज निस्कन्छ। त्यसैले त्यसबाट धेरै विषय निस्कने भएकाले 'किनोट स्पिच'लाई हिन्दीमा बीज वक्तव्य भनिँदो रहेछ।

हाम्रो नेपालीमा 'विद्वत् प्रवचन' भन्ने चलन रहेछ। हामीलाई विशेषण साह्रै मन पर्छ। प्रवचन भने पुग्थ्यो, त्यसमा पनि विद्वत् जोड्नुपर्ने! प्रवचन आफैँमा विद्वत् नै हो, त्यसमा विशेषण जोडिराख्नुपर्दैन। हामीलाई चाहिँ वरिष्ठ विश्लेषक भन्नुपर्ने, विश्लेषक केको वरिष्ठ हुन्छ! बुढो भन्नेबाहेक वरिष्ठले अर्को अर्थ दिँदैन। मलाई नै कहिलेकाहीँ वरिष्ठ भनिरहेका हुन्छन्। वरिष्ठ नागरिकका हिसाबले अर्थात् अलि बुढो हुन लागेको भएर भनिएको होला। राम्रो भने मात्रै पुग्ने ठाउँमा धेरै राम्रो वा अति राम्रो भन्ने अर्थ निकाल्न विशेषण जोड्ने हाम्रो चलन छ।

मेरो अध्ययनका हिसाबले भन्ने हो भने 'विद्वत् प्रवचन' भनिरहन आवश्यक छैन, प्रवचन भने पुग्छ। प्रवचनमा के हुन्छ भने लिने र दिने दुवैको स्वेच्छा हुन्छ। दिनेले आफूलाई मन लागेको कुरा भन्छ, लिनेले आफूलाई मन लागेका कुरा लिन्छ, नलिए पनि हुन्छ, प्रवचनमा केही बाध्यता छैन। औपचारिक शिक्षामा यस्तो हुँदैन, त्यसमा केही किसिमका बाध्यता थोपरिएका हुन्छन्, त्यहाँ जे सिकाएको हो त्यही सिक्नुपर्छ। मैले अलिकति सैद्धान्तिक तवरले कुरा गर्न खोजेको छु। 'बौद्धिकता'को कुरा गर्ने हो भने, यो आयो कहाँबाट ? व्यक्तिको रूपमा म यहाँ छु, हेर्दै छु, हुनुको अर्थ अवलोकन गर्नु हो।

देवनागरीको पहिलो अक्षर 'अ'बाट अवलोकन बनेको छ र यसैबाट (जीवन) सुरु हुन्छ। बच्चा जन्मेपछि आँखा खोल्नासाथ छक्क परेर हेर्छ, यही हो अवलोकन। इन्द्रियहरू त्यतिबेलासम्म सक्रिय भइसकेका हुँदैनन्। अवलोकनको तुरुन्तपछि इन्द्रियहरू सक्रिय हुन थाल्छन्। इन्द्रियहरू सक्रिय भएपछि बच्चाले देख्न, सुन्न, छुन, सुँघ्न र स्वाद लिन थाल्छ। यी पाँचवटै अवलोकनलाई अनुभवमा रूपान्तरण गरेपछि महसुस हुन थाल्छ धेरै कुरा। महसुस हुनका लागि अलिकति पृष्ठभूमि पनि चाहिन्छ। जन्मिसकेपछि आफ्नो अवस्था अनुसार बच्चाले महसुस गर्न थाल्छ।

विद्यार्थी जीवनमा गएपछि 'अध्ययन' हुन्छ। महसुस भएका धेरै कुरालाई एकै ठाउँमा समाहित गरी अध्ययन गरिन्छ अर्थात् अरुका अवलोकन र महसुसबाट पनि केही कुरा सिक्न थालिन्छ। यी दुइटा जोडिएपछि अनुभूति हुन थाल्छ। दुःख, सुख, विस्मय, क्रोध, दया, प्रेम आदिको अनुभूति भनेको अवलोकन, अनुभव र अध्ययनपछि महसुस गरिने कुरा हुन्। अनुभूति भइसकेपछि हामी अभिव्यक्तिमा जान्छौँ। एउटा सचेत व्यक्ति अनुभूतिलाई आफूसँग मात्रै राखेर बस्न सक्दैन। अनुभूतिलाई अभिव्यक्ति गर्नैपर्छ। अभिव्यक्तिको सबैभन्दा सजिलो माध्यम उफ्रिनु हो, बच्चा जन्मनासाथ एकछिनपछि हातखुट्टा हल्लाउँछ।

मानिसको अभिव्यक्तिमा सबैभन्दा पहिले नृत्य आउँछ। मानिसले पहिलो अभिव्यक्तिस्वरूप हातखुट्टा चलाउनु भनेको भावभङ्गी हो, नृत्य नै हो। अभिव्यक्तिको अर्को माध्यम हो, विलाप। अत्यन्त खुसी भएका बेला पनि आँखाबाट आँसु आउने, अत्यन्त दुःखी भएका बेला पनि आँखाबाट आँसु आउने– विलाप भनेको अर्को अभिव्यक्तिको माध्यम हो। अभिव्यक्तिको अर्को माध्यम हो, संगीत। संगीतमा बाजा नै बजाउनुपर्छ भन्ने छैन। गुनगुनाउनु वा टेबल ठोक्नु पनि संगीतमा पर्छन्। गीत पनि अभिव्यक्ति हो। चित्रकला अभिव्यक्तिको माध्यम हो। अभिव्यक्तिका माध्यमहरू मानिस लगायत लगभग सबै जनावरमा पाइन्छन्। मानव भन्ने यो दुईखुट्टे जन्तुको अभिव्यक्तिमा शब्द समेत जोडिन्छ। शब्द त होला अरु जनावरको पनि, धेरैले बुझ्ने सामूहिक शब्दहरू र व्याकरणको आविष्कार अभिव्यक्तिका लागि भएको हो, जसले मानवलाई अरु जनावरभन्दा केही फरक बनाएको छ।

अभिव्यक्तिमा मानिसका आफ्ना अपेक्षा पनि हुन्छन्। मेरा यी मनका भावहरू वा अभिव्यक्तिलाई अरुले सुनोस्, गमोस् र यसमाथि अरुले विचार गरोस् भन्ने अपेक्षा मानिसमा आउँछ। त्यसैले हामी सम्भावित असरलाई विचार गरेर बोल्न थाल्छौँ। मेरा शब्दहरूको के असर पर्ला ? अरुको चित्त दुख्छ कि, रिसाउँछ कि, खुसाउँछ कि भनी तौलेर बोल्छौँ। त्यसैले भाषा एक किसिमको छलावा (धोका) हो। भाषाहरूको प्रयोग घुमाएर भन्नका लागि हो। हामी भन्छौँ, उहाँ स्पष्टवक्ता हुनुहुन्छ, यो भनेको तुलनात्मक मात्रै हो। शब्दको प्रयोग गर्दा असरको अपेक्षा राखिने भएकाले जति नै स्पष्टवक्ता भए पनि उसको बोलीमा केही खाली ठाउँ, केही मौनता, केही अर्धविराम, केही पूर्णविराम आदि लुकेका हुन्छन्। यसरी लुक्नुको अर्को कारण के हो भने, हाम्रा भावहरू असीमित छन्। संसारका आठ अर्ब मानिसका मनमा जति भाव छन्, त्यसलाई समेट्ने गरी संसारमा कुनै भाषा बनेकै छैन। त्यसैले सन्त-महात्माले भन्छन्– मौनता सर्वोत्कृष्ट भाषा हो। जब गुरु-शिष्य परम्परामा गुरुले मौनताबाट शिष्यलाई आफ्नो ज्ञान प्रवाह गर्छन् भन्छन्, वैज्ञानिक तवरले यो मिल्दैन तर आस्थाको पनि कुरा छ। यो किन भनिएको हो भने, भाषामा आउनासाथ त्यो कुरामा स्पष्टता बाँकी रहँदैन भन्ने मान्यता रहिआएको छ।

भाव र विचारलाई सीमित शब्दमा अभिव्यक्त गर्न खोज्दा दुई-चारवटा कुरातिर ध्यान जान्छ। पहिलो त उपर्युक्त शब्दको खोजी– कुन शब्दले मेरो भाव भन्न सक्छ भन्ने साधारणभन्दा साधारण बच्चाले पनि सोचेर भन्छ। अलिकति बुझ्ने भइसकेको बच्चाले कुनै चिजलाई 'यो त अमिलो छ' भन्यो र उसलाई 'कस्तो अमिलो छ' भनेर सोधियो भने ऊ एकछिन चुप लाग्छ र भन्छ– अमलाजस्तो, वा काँचो आँपजस्तो आदि। उपयुक्त शब्द र ग्राह्य शब्दको खोजी हामीले निरन्तर गरिरहेकै हुन्छौँ।

मैले भनेको कुरा तपाईंले बुझ्नुहुन्छ कि हुन्न भन्ने महत्त्वपूर्ण हुन्छ। त्यही भएर प्रश्न गरेर पनि संवाद बुझ्ने वा बुझाउने कोसिस गरिन्छ। कुनै विषयको परिभाषा खोज्दै जाँदा हामी त्यसको बीजमा पुग्छौँ। त्यो बीज अन्ततः कि प्रकृति हो, कि सृष्टि हो, अथवा भगवान मान्नुहुन्छ भने ईश्वर हो। आज मलाई बोल्न दिइएको विषय 'बौद्धिकताको कसीमा नेपाली समाज' बुझ्नका लागि पहिले बौद्धिकता, कसी र नेपाली समाज भन्ने शब्दहरूलाई बुझ्नुपर्छ। त्यसपछि न हामी बौद्धिक स्तरमा कहाँ छौँ भन्नेमा पुग्छौँ।

प्रज्ञा प्रतिष्ठानको शब्दकोश अनुसार बौद्धिकता शब्दको अर्थ छ– भावनामुक्त तार्किकता। भावनामुक्त तार्किकता हुनै सक्दैन। कतिसम्म भने– १ र १ बराबर २ हुन्छ भने पनि भावनामुक्त तार्किकता होइन। नेपाल ल क्याम्पसको प्राध्यापक- १ र नेपाल क्याम्पसको विद्यार्थी- १ गरी २ त होइन। गणितमा चाहिँ भावनामुक्त तार्किकता होला, समाजमा र व्यक्तिबिचको सम्बन्धमा भावनामुक्त तार्किकता सम्भव छैन। त्यसैले प्रज्ञाप्रतिष्ठानले दिएको पहिलो परिभाषा मिल्दैन। यसमा धेरै परिचय दिनुपर्ने हुन्छ। बौद्धिकता शब्दको दोस्रो अर्थ छ– सोच्ने र अभिव्यक्ति गर्ने तरिका। यो अर्थचाहिँ बौद्धिकताको केही नजिकतिर जान्छ। यद्यपि यो पनि पर्याप्त होइन।

अब कसीको अर्थमा जाऔँ– सुन चाँदी आदि धातुलाई असल र कमसल छुट्याउनका निम्ति घोटेर हेर्ने कालो चिप्लो ढुङ्गो। यस्तै नेपाली शब्द संज्ञा पनि छ विशेषण पनि छ। प्रज्ञा प्रतिष्ठानको शब्दकोशले विशेषणको अर्थ दिएको छ– नेपाली भनेको नेपालमा बसोबास गर्ने, नेपाली नागरिकता प्राप्त गरेको, वा नेपाली जाति। अब नेपालमा बसोबास गर्ने, नेपाली नागरिकता प्राप्त गरेको कुरासँग बौद्धिकताको धेरै सम्बन्ध जोडिँदैन। नेपाली जाति भनेको के हो ? यसलाई निर्जातीय रूपमा वा एथ्नेसिटीका रूपमा बुझेको हो कि, वर्ण वा रेसका हिसाबमा बुझेको हो कि, रङका हिसाबले बुझेको हो कि ? के हो नेपाली जाति भनेको ?

अब हामी समाज भनेको के हो भन्नेमा स्पष्ट हुनुपर्छ। समाजलाई विभिन्न किसिमले परिभाषित गरिएको छ, सबैभन्दा सजिलो परिभाषा छ– समाज भनेको सम्बन्धहरूको सञ्जाल हो। हामी एकअर्कासँग कुनै हिसाबले जोडिएका छौँ भने त्यो समाज हो। जस्तै : सोसाइटी अफ नेपलिज आर्किटेक्टस्, यो भनेको आर्किटेक्टहरूको समाज भयो। त्यहाँ जोडिने तन्तु के हो भने सबै आर्किटेक्ट छन्। राजनीतिक रूपले हेर्ने हो भने नेपाल एउटा देश छ, यो एउटा परिकल्पित समुदाय हो, यसलाई एउटा संविधानले बाँधेको छ, त्यसको मूल्य-मान्यताले जोडिएको यदि हो भने त्यो नेपाली समाज हो। त्यसको वर्चस्ववादी मूल्य-मान्यता भने खस-आर्यको छ।

कुनै रगतको वा नातागोताको सम्बन्ध होला, यी सबैबाट समाज बन्ने हो। समाजशास्त्रीय दृष्टिकोणले हेर्ने हो भने नेपाली समाजलाई एक वचनमा भन्न मिल्दैन। किनभने नेपाली समाजहरू छन्, अर्थात् थुप्रै नेपाली समाजहरू छन्।

पृथ्वीनारायणले चार जात ३६ वर्ण भनेका छन्। चार जात भनेको जात प्रथाका हिन्दुहरू, ३६ वर्ण भनेको आ-आफ्नै संस्कृति र सभ्यता भएका ३६ किसिमका समूहहरू, जनजातीय समूहहरू। त्यो हिसाबले हेर्ने हो भने– मगर समाज होला, गुरुङ समाज होला। होइन, आस्था र विश्वासको दृष्टिकोणले हेर्ने हो भने, इस्लामिक समाज होला, क्रिस्चियन समाज होला, बौद्धमार्गी समाज होला, जाति प्रथा मान्ने समाज होला।

राजनीतिक रूपले हेर्ने हो भने नेपाल एउटा देश छ, यो एउटा परिकल्पित समुदाय हो, यसलाई एउटा संविधानले बाँधेको छ, त्यसको मूल्य-मान्यताले जोडिएको यदि हो भने त्यो नेपाली समाज हो। त्यसको वर्चस्ववादी मूल्य-मान्यता भने खस-आर्यको छ। त्यसैले जुन बेला हामी एक वचनमा नेपाली समाज भन्छौँ, त्यो भनेको खसआर्य समुदाय हो। त्यो भनेको समाजशास्त्रीय दृष्टिकोणले बहुवचनको नेपाली समाजहरू होइन। नेपालको संविधान, नेपालको धर्म, परम्परा, संस्कृति हामी जेलाई भन्छौँ– त्यो वर्चस्ववादी खस-आर्य समुदाय, खासगरी मध्य पहाडका नेपालीभाषी पुरुषले दुई-अढाइ सय वर्षमा विकसित गरेको मूल्य-मान्यतालाई हामी नेपाली समाज भनेर बुझ्छौँ।

**विवरणात्मक बौद्धिकता**

**अब बौद्धिकताको अर्थ खोजौँ। एउटा कथा छ–**

एउटा घरमा बाख्री बियाएको हुन्छ। यो कुरा त्यस घरको जेठो छोराले बाउलाई सुनाउँछ– ए बा हाम्रो बाख्री बियायो। अनि बाउले सोध्छ– कतिवटा पाएछ ? यो प्रश्नको जवाफ जेठो छोराले नदिएपछि बाउले माहिलो छोरालाई बुझ्न पठाउँछ। माहिलो छोराले बुझेर आएपछि बाउले फेरि सोध्छ– कतिवटा पाठा कतिवटा पाठी रहेछन् ? यसको जवाफ माहिलो छोराबाट नआएपछि उसले साहिँलो छोरालाई पठाउँछ ? साहिँलो छोराले बुझेर आएपछि बाउले फेरि सोध्छ– बाख्री कस्तो अवस्थामा छ ?

फेरि साइँलोबाट बाख्री बियाएको अन्दाजी समय नआएपछि बाउले कान्छो छोरालाई पठाउँछ। कुनै पनि छोराले बाख्रीको सम्पूर्ण अवस्था नबताएपछि बाउ आफैँ बुझ्न जान्छ। नेपाली समाजमा सायद पूर्वाग्रह अलि बढी छ। त्यो हुनुको मुख्य कारण के हो भने, हाम्रो जात व्यवस्था बलियो छ। यो कथाले के देखाउँछ भने बौद्धिकताका विभिन्न किसिम हुन्छन्। विवरणात्मक बौद्धिकता सबैभन्दा सहज प्रकृतिको हुन्छ। पत्रकारहरू विवरणात्मक बौद्धिकताका उत्कृष्ट उदाहरण हुन्। पत्रकारको भाषामा 'फाइभ डब्लुएच' (को, के, कहिले, कहाँ, किन, कसरी) आउँछ। पत्रकारले कुनै पनि घटना वा अवस्थाको बारेमा अवलोकन गरेर सबैले बुझ्ने भाषामा विवरणात्मक रूपमा लेख्छ।

विवरणात्मक बौद्धिकता पनि पूर्वाग्रहमुक्त हुँदैन। म आज पहिलोपटक भोटाहिटी गएँ भने त्यहाँ भीड छ भनेर विवरण दिउँला। अर्को कुनै व्यक्तिले त्यहाँ अरु दिनभन्दा आज बढी भीड थियो भन्ला। तेस्रो कोही गयो भने उसले त्यहाँ पुरानो साथी राजदेव जोशीलाई भेटेँ भन्ला। यस्तै विभिन्न लिंग र उमेरका मान्छेले त्यहाँको विवरण आ-आफ्नै ढंगले देलान्। यसैले विवरणात्मक बौद्धिकता पनि पूर्वाग्रहमुक्त हुँदैन। किनभने, यो दुईखुट्टे जनावरमा जन्मनासाथ अनुभव सँगसँगै पूर्वाग्रह पनि विकसित हुँदै जान्छ। नेपाली समाजमा सायद पूर्वाग्रह अलि बढी छ। त्यो हुनुको मुख्य कारण के हो भने, हाम्रो जात व्यवस्था बलियो छ। एकथरीमा सुरुदेखि उत्कृष्टताको भावना विकास गराइन्छ– तँ बुझ्ने, तँ जान्ने, तँ त मालिक होस्, फलानो नोकर हो, फलानो व्यापारी हो, फलानो नेता हो चोरै होला। यसरी हेर्दा नेपाली समाज प्राथमिक वा विवरणात्मक बौद्धिकतामा समेत कमजोर छ।

**विश्लेषणात्मक बौद्धिकता**

अर्को छ, विश्लेषणात्मक बौद्धिकता। बाख्री बियाएको उदाहरण हेर्ने हो भने, विश्लेषणात्मक बौद्धिकताले खोज्छ– पाठापाठीको बजार भाउ कस्तो छ, ती पाठापाठीलाई आहारा खुवाउने क्षमता छ कि छैन, तुरुन्तै बेच्नुपर्ने हो कि, रोग लागेको छ भने इलाज खोज्ने हो कि, जाडो छ भने न्यायो पार्ने हो कि, कुन नस्लको बाख्री हो ?

यसरी विश्लेषण गर्ने काम पेसाकर्मीको हो। पशुपालन पनि पेसा हो। डकर्मी काम गर्ने, सिकर्मीको काम गर्ने पनि पेसाकर्मी हुन्। यसरी विश्लेषणात्मक बौद्धिकता केही न केही हदसम्म हरेक समाजमा विद्यमान हुन्छ। नेपाली समाजको एउटा तप्कामा विश्लेषणात्मक बौद्धिकता पर्याप्त छ। विश्लेषणात्मक बौद्धिकता उपयोगिताप्रधान हुन्छ। अर्थात् कुनै कुराको उपयोग कति छ भनेर विश्लेषण गरिन्छ। विश्लेषणात्मक बौद्धिकता बेगर जीवन चल्न कठिन भएको हुन्छ। थाहा छ, युक्रेनको युद्धमा रुसबाट लड्न जाने हो भने मरिन्छ। विश्लेषणात्मक बौद्धिकता कमजोर भएको होइन, तर यही बाँच्नका लागि यही अन्तिम उपाय हो भने त्यही गर्छ। विश्लेषणात्मक बौद्धिकताको कसीमा पनि नेपाली समाजलाई कमजोरै भनिहाल्न मिल्दैन।

नीति र नैतिकताको कसीमा प्रश्न सोध्ने, मूल्य र मान्यताको आधारमा प्रश्न सोध्ने, अरुलाई मात्रै प्रश्न सोध्ने होइन कि आफैँलाई पनि प्रश्न सोध्ने, यो भनेको आलोचनात्मक बौद्धिकता हो।

**आलोचनात्मक बौद्धिकता**

तेस्रो छ, आलोचनात्मक बौद्धिकता वा आलोचनात्मक चेत। यो भनेको के हो भने, विवरण थाहा भयो, विश्लेषण पनि गरियो, अब नीति र नैतिकताका कुरा आउँछन्। बाख्री बियाएको उदाहरणमा– बिरामी पाठो छ भने त्यसलाई मारिदिने त ? नीतिले त त्यसो भन्दैन। जीवनको अधिकार त सबैलाई छ, त्यसैले उपचार गराउने हो। नीति र नैतिकताको कसीमा प्रश्न सोध्ने, मूल्य र मान्यताको आधारमा प्रश्न सोध्ने, अरुलाई मात्रै प्रश्न सोध्ने होइन कि आफैँलाई पनि प्रश्न सोध्ने, यो भनेको आलोचनात्मक बौद्धिकता हो। यो आलोचनात्मक बौद्धिकताले पेसाकर्मीलाई पेसाधर्मी बनाउँछ।

यो ल क्याम्पसबाट पास गरेर तपाईं भोलि अधिवक्ता बन्नुभयो र अदालतमा गएर तपाईं एकजना आरोपीको प्रतिरक्षामा उभिनुहुन्छ। आरोपीले सबै गोप्य कुरा त तपाईंलाई भन्छ, त्यसपछि तपाईंलाई लाग्छ कि यो जघन्य अपराध हो। तापनि उसलाई जोगाउने गरी तपाईंले अदालतमा बहस गर्नुहुन्छ भने तपाईं असल पेसाकर्मी हो तर असल पेसाधर्मी होइन। असल पेसाधर्मी वकिलले त भन्छ– तिमीबाट अपराध भएको हो, तिमीले यो कबुल गरेर सजायका लागि तयार हुनु। किनभने हाम्रो मूल्य र मान्यताले त यही भन्छ, कर्मको फल सबैले भोग्नुपर्छ।

पेसाकर्मी अडिटरले कर छल्ने सल्लाह दिन्छ, पूरै कानुनी तरिकाले। हरेक कानुनमा छिद्रहरू हुन्छन्, जति कानुन त्यति धेरै छिद्र। त्यो छिद्र देखाएर कर छली गराउने पनि राम्रो अडिटर वा राम्रो एकाउन्टेन्ट हुन सक्छ। ऊ पेसाधर्मी हो भने यो काम मबाट हुँदैन भन्छ। पेसाकर्मी र पेसाधर्मीमा हुने यो आलोचनात्मक बौद्धिकतालाई हेर्दा– नेपालमा मात्रै होइन, धेरै विकसित देशमा आलोचनात्मक बौद्धिकता कमजोर नै देखिन्छ।

किनभने पेसाकर्मीका रूपमा मध्यम वर्गको हालिमुहाली छ। त्यो मध्यम वर्गमा अभिजात्य बन्ने चाहना वा आकाङ्क्षा क्षमताभन्दा बढी हुन्छ। यो आलोचनात्मक चेत भएको बौद्धिकता सायद नेपाली समाजमा साह्रै कमजोर छ तर छैन भन्दिनँ, त्यसो भन्दा अन्याय हुन्छ। किनभने हुँदै नभएको भए पनि यो समाज टिक्दैनथ्यो। यो समाज टिकेको छ, यसको अर्थ केही यस्ता चेत भएका व्यक्ति छन्, जो सामान्यतया प्रचार रुचाउँदैनन्। आफ्नो कर्म गर्छन्, अरुलाई भन्दै हिँड्दैनन्। मैले सिकेको मूल्य र मान्यतामा गोठमा धेरै काम महिलाहरूले गर्छन्। तर यहाँ मैले जानीजानी महिलाको ठाउँमा पुरुषलाई ल्याएँ। म सिर्जनात्मक भइनँ, यहाँ मेरो आलोचनात्मक बौद्धिकताले जित्यो कि किन सधैँ महिलाहरूले मात्रै हेर्न जानुपर्ने ? छोराको कामै होइन त्यो ?

**सिर्जनात्मक बौद्धिकता**

चौथो छ, सिर्जनात्मक बौद्धिकता। माथिको उदाहरण जुन छ, पाठापाठी गन्ने र तिनलाई जोगाउने कि नजोगाउने भन्ने, त्यसभन्दा धेरैमाथि हुन्छ सिर्जनात्मक बौद्धिकता। बाख्री आमा हुनुको दुःख; पाठापाठीप्रतिको उसको प्रेम; सँगै जन्मेका पाठापाठीबिचको सम्बन्ध; बाउ, आमा र पाठापाठीको सम्बन्ध– यी कुरा सिर्जनात्मक बौद्धिकतामा आउँछन्। जस्तो कि मैले कथा सुनाएको कथामा लैंगिकता लुकेको छ। म सिर्जनात्मक बौद्धिक भइदिएको भए सोध्थेँ– किन हरेकपल्ट पाठापाठीको अवस्था बुझ्न छोरा नै जानुपर्ने ? मैले सिकेको मूल्य र मान्यतामा गोठमा धेरै काम महिलाहरूले गर्छन्। तर यहाँ मैले जानीजानी महिलाको ठाउँमा पुरुषलाई ल्याएँ। म सिर्जनात्मक भइनँ, यहाँ मेरो आलोचनात्मक बौद्धिकताले जित्यो कि किन सधैँ महिलाहरूले मात्रै हेर्न जानुपर्ने ? छोराको कामै होइन त्यो ?

भाव क्षेत्र जुन अथाह छ, त्यसलाई आलोचनात्मक बौद्धिकताले समेट्न सक्दैन। भावभूमि भनेको यो सारा सृष्टि हो। काल चेतना हामी जसलाई भन्छौँ, त्यो सँगसँगै यो सिर्जनात्मक बौद्धिकतामा अकालको कुरा पनि आउँछ। सिर्जनात्मक बौद्धिकताको कुरा गर्दा– लेख्ने-पढ्ने काममा एउटा जात विशेषको अधिकार लामो समयसम्म रह्यो। अक्षर चिन्नासाथ कविता वा कथा लेख्न सुरु भइहाल्छ। त्यसैले यो सिर्जनात्मक बौद्धिकतामा नेपाली समाज अरु बौद्धिकताको तुलनामा अलिकति समृद्ध छ।

**चिन्तन बौद्धिकता**

बौद्धिकताको अन्तिम कसी भनेको चिन्तन बौद्धिकता हो। यसमा अगाडिका सबै बौद्धिकता हुन्छन्– विवरणात्मक बौद्धिकता चाहियो, किनभने बुझ्नुपर्‍यो समाज के हो ? यो समाज त्यहाँ कसरी पुग्यो भनेर विश्लेषणात्मक बौद्धिकता आउँछ। यस्तै आलोचनात्मक बौद्धिकता पनि यसमा आउँछ, किनभने निरन्तर प्रश्न गर्नुपर्छ। सिर्जनात्मक बौद्धिकता पनि चाहियो, किनभने अभिव्यक्तिका शब्दमा भाव पनि हुनुपर्छ। दुइटा उर्दू शब्द निकै राम्रा छन्– एउटा ऐहसास, अर्को महसुस। ऐहसास भनेको अनुभव र अनुभूतिसँग मिल्दोजुल्दो तर अलिकति फरक। महसुस भनेको ऐहसासभन्दा अलिकति गहिरो। चिन्तन बौद्धिकता निरन्तर जागृत अवस्थामा रहन्छ। बुद्धले भने, संसारमा दुःखै दुःख छ तर दुःखबाट निस्कने बाटो छ। त्यो बाटोको बारेमा चिन्तित रहनु भनेको चिन्तन बौद्धिकता हो। त्यो चाहिँ नितान्त अभाव छ। कबीरको भनाइ छ– सुखिया सब संसार है, खायै और सोवै। अर्थात् सारा दुनियाँ बडा सुखी छ, खान्छ र सुत्छ।

दुखिया दास कबीर है, जागे और रोवै। अर्थात् कबीर बडा दुःखी छ ऊ जागिरहन्छ र रोइरहन्छ। चिन्तन बौद्धिकतामा हामी कमजोर छौँ, बन्जर भूमिजस्तो छ नेपाल चिन्तन बौद्धिकताका लागि। हाम्रो समाजमा अथाह पाखण्ड छ। बुद्ध पनि रुन्थे। चिन्तन बौद्धिकता भनेको बडा कष्टदायी छ, काँडाहरूको ओछ्यानमा पल्टिनु हो। माथि आएका पाँचै प्रकारका बौद्धिकतामध्ये सुरुका तीनचाहिँ बुद्धिजीवीको हो, जसले बुद्धिबाट जीविका चलाउँछ, अरुलाई पनि जीविकाको अवसर उपलब्ध गराउँछ। बौद्धिक भनेको अन्तिम दुई हो, जसले सिर्जन गर्छ। काठबाट कुर्सी धेरैले बनाऊलान्, तर जब सिकर्मीको कलाकारितामा त्यो कुर्सी पुग्छ, उसले ज्यालाको लागि कुर्सी बनाउँदैन, देख्नासाथ दर्शकलाई लागोस् यो कलाकृति हो। त्यसमा बस्नेलाई परम सुखको अनुभूति होस्। त्यस्तो कुर्सी बनाउन निरन्तर क्रियाशील रह्यो भने ऊ सिर्जनात्मक सिकर्मी हुन गयो। त्यो कुर्सीमा बसेर पनि कोही निरन्तर पीडामा रह्यो, सिंहासनमा बसेर रुने राजा जनक चिन्तन बौद्धिकताका उत्कर्ष हुन्। चिन्तन बौद्धिकतामा हामी कमजोर छौँ, बन्जर भूमिजस्तो छ नेपाल चिन्तन बौद्धिकताका लागि। हाम्रो समाजमा अथाह पाखण्ड छ। जातीयताको विरोध गर्नेले जातीयता मान्छ, धर्म मान्दिनँ भन्छ भैँसी पूजा गर्छ। मार्क्सवादी भैँसी पूजा गर्छ। रामनामी ओढेर हिँड्छ। योभन्दा पाखण्ड के हुन्छ ? समाजको नेतृत्वदायी पङ्क्तिमै पाखण्ड छ भने त्यो समाज पनि दोषी छ।

फेरि हामीकहाँ भक्तिभाव छ। सिकेलालजी जान्ने, उहाँको कुरा सुनिदिनुपर्छ, भक्तिभाव हो, प्रश्न गर्नु हुँदैन। त्यही भएर त यो प्रवचनका लागि बोलाइएको हो, नभए त प्रश्नोत्तर हुन्थ्यो। यस्तो भक्तिभाव छ हाम्रो समाजमा।

वाक्पटुता चाहिँ बौद्धिकताको चिह्न हुन गएको छ। राम्रोसँग बोल्न सक्ने मानिसलाई बौद्धिक मानिदिने, राम्रोसँग लेख्न जान्नेलाई बौद्धिक मानिदिने, त्यो जरुरी छैन। मैले सुरुमै भनेँ– मौनता बौद्धिकताको पराकाष्ठा हो। वाक्पटुता, कथावाचक, भागवत पुराण भनिरहेको हुन्छ, बिचमा जसले धेरै कथा जोड्यो ऊ त्यति राम्रो पण्डित बौद्धिक! यसले गर्दा पनि बौद्धिकताको कसीमा हामी बन्जरभूमिमा छौँ। एउटा शब्दकै कति अर्थ निस्कन्छ भने एउटा मात्रै वेद अध्ययन गरेको व्यक्ति कसरी प्रकाण्ड विद्वान् हुन्छ ? कण्ठस्थ गरेर पुरेत होला, पण्डित हुँदैन।

अर्को आस्था र अन्धविश्वासको बिचमा हामीले धेरैजसो फरक गर्दैनौँ। आस्था भएन भने मान्छे बाँच्न गाह्रो हुन्छ। आस्था त हुनुपर्‍यो तर अन्धविश्वासमा परिवर्तित भयो भने ! बौद्धिकताका लागि नेपाल बन्जरभूमि हो भने, यो बन्जर फोर्नलाई के गर्ने के ? यसका लागि पहिलो अवलोकन हो, हाम्रो अवलोकन क्षमता बढाउन तालिम आवश्यक छ। देख्दाखेरि जे देखिन्छ, त्यसमा ध्यान दिनुपर्छ। जस्तो : बाटोमा हिँड्दा हामीले खाल्डो देख्छौँ। यसको पछाडि अरु कुरा पनि होलान्– मोटरको संख्या बढ्नु, बाटोको चौडाइ यथावत हुनु, दुईतिर घर अग्ला भएका छन्, हामी सडकमै फोहोर फाल्छौँ, सडकमै थुक्छौँ, गाईगोरु त्यही सडकमा हिँड्छ। गोबर र गाईगोरुको पिसाबमा एसिड हुन्छ, एसिडले बाटोको बिटुमेनलाई खान्छ, त्यसो हुँदा पानी पर्दा त्यहाँ छिर्छ, पानी छिरेपछि त्यो उप्कन्छ र खाडल बन्छ, त्यहाँ मोटर हिँड्यो भने झनै गहिरो बन्छ। त्यसैले अवलोकनलाई गहिरो बनाउने बानी बसाल्नुपर्छ। त्यस्तै अध्ययनको बानी बसाल्नुपर्छ। लेखन पद्धतिको विकास भएको लामो समय भइसक्यो, संसारका धेरै विषयमा धेरै कुरा लेखिएका छन्, तर धेरै कुरा पढ्न जरुरी छैन। कण्ठस्थ गरेर सुनाउनलाई पढ्ने होइन। नयाँ दृष्टिकोणले अर्थ्याउनका लागि पढ्ने हो। एउटा शब्दकै कति अर्थ निस्कन्छ भने एउटा मात्रै वेद अध्ययन गरेको व्यक्ति कसरी प्रकाण्ड विद्वान् हुन्छ ? कण्ठस्थ गरेर पुरेत होला, पण्डित हुँदैन। पण्डित त्यसबेला हुन्छ, जब त्यसको बारेमा उसले राम्रोसँग विचार गर्छ र अरुसँग विमर्श गर्छ। जबसम्म विमर्श हुँदैन, त्यसमा धार आउँदैन। कण्ठस्थ गरेर चक्कु बन्ला तर विमर्श बेगर त्यसमा धार आउँदैन। सबैजनाले चिन्तन नै गर्नुपर्छ, सिर्जन नै गर्नुपर्छ भन्ने होइन, गर्न सके राम्रो। पहिले त बन्जर फोर्नुपर्‍यो, अनि विचारक, बौद्धिक र दार्शनिक बन्ने क्रम सुरु हुन्छ। मरुभूमिमा एकैचोटि आँपको रुख हुँदैन। त्यहाँको माटो मलिलो भएपछि, अलिकति पानी परेपछि घाँस उम्रन थाल्ला। मरुभूमिभित्र हरियो क्षेत्र हुने लामो प्रक्रिया हुन्छ। अवलोकन क्षमता, अध्ययन क्षमता, अभिव्यक्ति क्षमतालाई विस्तार गर्न हामीले ध्यान दिँदै गयौ भने सायद यो बौद्धिकताको खडेरी केही कम होला। आफ्ना कुरा राख्दा मलाई कविताका पङ्क्ति भन्न मन लाग्छ। बीज वाक्य भनेकै कविता हो। यो अर्थ्याउनेमा भर पर्छ।

## विद्यार्थी र शिक्षकलाई उपयोगी पुस्तक

**भक्तपुर बहुमुखी क्याम्पस, दुधपाटी भक्तपुरमा लामो समयदेखि अर्थशास्त्र विषयमा सह प्राध्यापकको रुपमा अध्यापन गराउनु भएका गम्भीर बहादुर हाडाले विद्यार्थीहरुको हितको लागि बि.ए. र बि.एड.का अर्थशास्त्र विषयका विभिन्न पुस्तकहरु वृहस्पति पुस्तक प्रकाशन प्रा.लि.ले प्रश्नोत्तरको रुपमा प्रकाशित गरेको छ। सबै विद्यार्थी तथा शिक्षकलाई अत्यन्त उपयोगी पुस्तक खोजी खोजी पढ्नुहोला।**

**पुस्तकको नामहरू :**

- **अर्थशास्त्र शिक्षण विधि** (Method of Teaching Economics), **त्रि.वि.शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड. तेस्रो वर्ष** Eco.Ed. 432 **तथा** 439 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U. Solution, **बि.एड.तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco.Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete T.U. Reference Book, **बि.एड. दोस्रो वर्ष।**
- **बृहत अर्थशास्त्र** (Macro Economics), **त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको** Eco- 423 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solution, **बि.एड. दोस्रो वर्ष।**
- **व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान** (Managerial Economics & Research in Economic Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष** Eco Ed. 445 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. चौथो वर्ष।**
- **आर्थिक विश्लेषण** (Economic Analysis), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष** Eco Ed. 416 **तथा** 418 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. प्रथम वर्ष।**
- **नेपालको अर्थव्यवस्था** (Nepalese Economy), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco Ed. 422 **तथा** 428 **को नयाँ पाठ्यक्रममा आधारित** With Model Questions & Solutions, **बि.एड. दोस्रो वर्ष।**
- **सार्वजनिक वित्त** (Public Finance), **त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष** Eco 425 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष** Eco. Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **विकास र योजनाको अर्थशास्त्र** (Economics of Development & Planning), **त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड्.दोस्रो वर्ष** Eco.Ed. 423 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार** (Money, Financial System & International Trade), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 426 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**
- **अनुसन्धान पद्धति र प्राज्ञिक लेखन** (Research Methodology & Academic Writing), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 427 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**

# समृद्धिको सारथि बन्न सक्छ सूचना प्रविधि

**डा. मधुसुदन दाहाल**

*आजको विश्वमा अझ विकासोन्मुख राष्ट्रहरुमा सूचनाप्रविधिको अवसर असीमित रहेको विभिन्न अनुसन्धानले देखाएका छन्। हार्वर्ड विश्वविद्यालयको हार्वर्ड ग्रोथ ल्याबले जनाए अनुसार विश्वमा नेपालबाट सूचनाप्रविधि क्षेत्रको निर्यात सन् २०२१ मा झण्डै ६७ अर्ब बराबर भएको थियो जुन कुल निर्यातको २५ प्रतिशत थियो। सन् २०२४ मा सूचनाप्रविधिको निर्यात बढेर १ खर्ब नाघ्ने अनुमान गरिएको छ। यो सम्भव भएको नेपालका सूचनाप्रविधिका उद्यमी, विद्यार्थी र यस क्षेत्रमा विज्ञका कारणले नै हो।*

'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' को नाराका साथ मे २ मा सूचना तथा सञ्चारप्रविधि दिवस मनाइएको छ। सूचना तथा प्रविधि नीति २०७२ सालमा सन् २०२० सम्ममा डिजिटल साक्षरता ७५ प्रतिशत पुऱ्याउने, आईसीटी क्षेत्रको जीडीपीमा योगदान २.५ प्रतिशत पुऱ्याउने र ५५ प्रतिशत सरकारी सेवालाई अनलाइन बनाउने लक्ष्यहरू राखिएको थियो। तर २०८० सालको सरकारी तथ्याङ्क हेर्दा डिजिटल साक्षरता ४५ प्रतिशत पुगेको छ। जीडीपीमा यो क्षेत्रको योगदान १.९४ प्रतिशत रहेको छ भने ५३ प्रतिशत सरकारी सेवा अनलाइन भएका छन्। पाँच वर्षको लागि २०७२ सालमा राखिएको लक्ष्य झण्डै १० वर्ष पुग्न लाग्दा पनि हासिल नभएको प्रष्ट देखिन्छ।

अन्तर्राष्ट्रिय दूरसञ्चार संगठनले आईसीटी ग्लोबल इन्डेक्समा नेपाल १०१औं स्थानमा रहेको देखाउँछ। त्यसैगरी नेपाल सरकारले सन् २०१९ मा जारी गरेको डिजिटल नेपाल फ्रेमवर्कमा स्थापित ८ कार्यक्षेत्र तथा ८० क्रियाकलापले पनि सोचे जस्तो सफलता हासिल गर्न सकेको देखिँदैन, जसलाई लिएर यो क्षेत्र उत्साहित भएको थियो। नारामा मात्र सीमित यस्ता तथ्याङ्कहरूले नेपालमा सूचनाप्रविधि क्षेत्रमा रहेका चुनौती, चुनौतीमा रहेका अवसर र अवसरलाई कार्यान्वयन गर्न अपनाउनुपर्ने रणनीतिको आवश्यक पर्छ।

**चुनौती, अवसर तथा रणनीति**

**१. सीमित पूर्वाधार**

सूचनाप्रविधिको पूर्वाधारको प्रमुख मानकको रूपमा विश्व बैंकले इन्टरनेट र इन्टरनेट सञ्चालन गर्न आवश्यक पर्ने विद्युत्‌लाई लिएको छ। नेपालको भौगोलिक विकटताले गर्दा इन्टरनेटको पहुँच र गुणस्तरीय इन्टरनेट तथा भरपर्दो विद्युत्‌को पहुँच नपुगेको विभिन्न अध्ययनले देखाएका छन्। नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिवेदनमा उल्लेख भए अनुसार अहिले पनि देशका प्रमुख शहरहरूमा मात्र गुणस्तरीय इन्टरनेट उपलब्ध रहेको छ। सरकारी स्वामित्व रहेको नेपाल टेलिकमले देशको झण्डै ७४२ स्थानीय निकायमा फोरजी सेवा विस्तार गरेको छ तर विद्युत्‌को पहुँच नहुँदा, योजना गरिएको स्थानमा टावर राख्न नपाउँदा र फाइबरको पहुँच पुऱ्याउन नसक्दा गुणस्तरीय सेवा प्रदान गर्न नसकिएको स्वीकार्दै आएको छ। साथै देशका हिमाली क्षेत्रमा सूचनाप्रविधिको पूर्वाधार बनाउन निकै ठूलो लगानी लाग्ने भएर पनि सेवा प्रदायक खासै उत्साहित छैनन्।

नेपालको भौगोलिक विकटताले विकासको गतिलाई केही मात्रमा सुस्त बनाइराखेको छ। त्यही सुस्त गतिलाई चिर्न सबैभन्दा सजिलो भनेकै मोबाइल प्रविधि हो जुन सूचनाप्रविधिको मेरुदण्ड हो। विशेषगरी नेपाल टेलिकमले दूरदराजमा समेत सेवा विस्तार गरिरखेको छ तर पर्याप्त छैन। लाभ अनुपातमा लगानी धेरै हुने भएकोले सेवा प्रदायक पनि धेरै उत्साहित भइराखेका छैनन्। निजी मोबाइल सेवा प्रदायकलाई नेपाल सरकारले आफ्नो स्वामित्वमा लिन लागेको जस्तो देखिन्छ यसले मोबाइल सेवालाई पार्ने असरको छुट्टै विश्लेषण गर्नुपर्छ। स्मार्ट टेलिकमको हालत हामी सबैलाई थाहा नै छ। मोबाइलमा आधारित प्रविधिले स्वास्थ्य, कृषि, शिक्षा क्षेत्रमा क्रान्ति गर्न सकिने धेरै देशहरूबाट देखिइसकेको छ।

अन्य मुलुकमा जस्तै डिजिटल पूर्वाधारमा सरकारले लगानी गर्नुपर्छ र निजी सेवा प्रदायकहरूलाई प्रयोग गर्न दिएर प्रतिस्पर्धी वातावरण तयार गर्न सकिन्छ। विशेषगरी धेरै लगानी लाग्ने विकट क्षेत्रहरूमा सरकार आफैंले ग्रामीण दूरसञ्चार विकास कोषद्वारा पूर्वाधार विकासमा जोड दिनुपर्छ।

**२. डिजिटल डिभाइड**

नेपालमा डिजिटल डिभाइडको अन्तर निकै ठूलो रहेको सरकारी तथ्याङ्कले नै देखाउँछ। २०८० सालमा देशको डिजिटल साक्षरता जम्मा ४५ प्रतिशत रहेको छ। यो भनेको अझै पनि ५५ प्रतिशत सूचनाप्रविधिको अवसरबाट वञ्चित रहेका छन्। भौगोलिक स्थान, आय तथा लैंगिकको असमानताले सूचनाप्रविधिको पहुँचलाई फरक पारिराखेको र नेपालमा यसको खाडल निकै ठूलो रहेको युनेस्कोले जनाएको छ। त्यसैगरी अल्पसंख्यक, सीमान्तकृत समुदायमा साक्षरता र सीपको कमीले पनि डिजिटल डिभाइड कमी गर्न कठिनाइ भइरहेको विभिन्न अध्ययनले देखाएको छ। भौगोलिक स्थान, आय तथा लैंगिकताको आधारमा विभिन्न साक्षरता कार्यक्रम सरकार र सरोकारवाला निकायहरूले चलाउनुपर्छ। यस्ता कार्य गर्दा निश्चित स्थानका स्थानीयहरूको पनि सहभागिता गराई कार्य गरेमा राम्रो प्रतिफल आउने देखिन्छ।

साथै मुलुकमा सुशासन कायम गर्न पनि सरकारी सेवालाई प्रविधिमैत्री बनाउनुपर्छ। त्यसको लागि सबै सरकारी कामकारबाहीलाई सूचनाप्रविधिसँग जोड्नुपर्छ। संयुक्त राष्ट्रसंघका अनुसार सुशासनको प्रत्याभूति गर्न गुणस्तरीय सेवा विस्तार तथा पारदर्शिता कायम गर्न विद्युतीय सुशासन मार्फत गर्न सकिन्छ। डिजिटल प्लेटफर्महरूले नागरिकहरूको संलग्नता र सहभागिताको लागि अवसरहरू बढाउँछ।

**३. नियामक र नीतिगत मुद्दा**

नेपाल सरकारले सूचना तथा प्रविधिलाई नियमन गर्न राष्ट्रिय साइबर सुरक्षा नीति २०८०, सूचना तथा सञ्चारप्रविधि नीति २०७२ र दूरसञ्चार ऐन २०५३, दूरसञ्चार नियमावली २०५४, दूरसञ्चार नीति २०६० आदि जारी गरेको छ। हालसालै सम्पन्न लगानी सम्मेलनमा पनि देखिएको विषय भनेकै नेपालका नीतिहरू समयानुकूल नभएका कारण सूचनाप्रविधिमा सोचे अनुसार लगानी र नवप्रवर्तन आउन नसकेको देखिन्छ। हाल सूचनाप्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० को मस्यौदा माथि सरोकारवालाहरूको व्यापक सहभागिता गराउनुपर्ने देखिन्छ। लगानी सम्मेलनलाई मध्यनजर गरी केही नेपाल ऐन संशोधन अध्यादेश जारी गरी आईटी कम्पनीलाई विदेशमा शाखा खोल्ने बाटो खुलाइएको छ।

लगानी सम्मेलन मार्फत डाटा सेन्टर, आईटी/टेक्नोपार्क, कम्प्युटर हार्डवेयर डिजिटल सर्भिस सेन्टर, स्मार्ट फोन म्यानुफ्याक्चर, एसेम्बली प्लान्ट, आईसीटी ट्रेनिङ सेन्टर तथा एसेम्बली प्लान्ट, इन्कुवेशन सेन्टर र फिल्म सिटी गरी महत्वपूर्ण आठ ओटा परियोजना अघि सारिएको थियो तर डाटा सेन्टर बाहेक अरूमा खासै रुचि देखाएनन् लगानीकर्ताहरूले। प्रतिस्पर्धी र नवप्रवर्तन गर्नको लागि विद्यमान कानुनलाई समयानुकूल बनाउनु महत्वपूर्ण हुन्छ। प्रविधि परिवर्तन भएसँगै विद्यमान कानुन अद्यावधिक हुनुपर्छ। विशेषगरी साइबर सुरक्षा जस्ता संवेदनशील क्षेत्रमा अझ संवेदनशील भएर कानुन अद्यावधि गर्नुपर्छ।

**४. साइबर सेक्युरिटीको चासो**

डेटा सुरक्षा र साइबर सुरक्षा नै मानक हुन् सूचनाप्रविधिको। सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरेको छ। विभिन्न आपराधिक घटनाहरू सूचनाप्रविधि मार्फत हुने क्रम ह्वात्तै बढेको छ। सरकारी वेबसाइटहरू ह्याक भएका, सर्भरहरू डाउन भएर घण्टौं सेवा अवरुद्ध भएका घटनाहरू धेरै देखिएका छन्। नेपालमा भइराखेको साइबर सुरक्षा सीमित क्षमताका कारण साइबर आक्रमण बढिरहेको तथा डाटा सुरक्षामा पर्याप्त प्रणाली नहुँदा समेत सूचनाप्रविधिमा लगानीको वातावरण नदेखिएको हो। त्यसैगरी साइबर सुरक्षा सम्बन्धी जानकारी, साइबर आक्रमण हुन नदिन र भइहाले अपनाउनुपर्ने नवीनतम प्रविधि नहुनु प्रमुख समस्या हो।

युनेस्कोका अनुसार शैक्षिक पाठ्यक्रममा सूचनाप्रविधिको समायोजनले शैक्षिक गुणस्तरमा वृद्धि हुने र त्यसबाट हुने उपलब्धि पनि बढी हुन्छ। विश्व बैंकका अनुसार सीप विकासमा अनलाइन शैक्षिक विधिको महत्त्वपूर्ण भूमिका रहन्छ। सूचनाप्रविधि नवप्रवर्तन तथा नवीनता हबहरूको लागि समर्थनले उद्यमशीलतालाई सकारात्मक प्रभाव पार्ने तथा सामाजिक रूपमा नवप्रवर्तन र सामुदायिक विकास परियोजनहरूको लागि सूचनाप्रविधिले पुऱ्याउने लाभ असीमित हुने देखिन्छ। आईसीटी स्टार्ट अप तथा विभिन्न कार्यक्रमहरूलाई लगानी गर्ने वातावरण बनाउनुपर्छ। लगानीमैत्री तथा स्टार्टअप कार्यक्रममा लगानी गर्ने कानुनी तथा वित्तीय वातावरण तयार गर्नुपर्छ। भर्खरै समापन भएको लगानी सम्मेलन २०२४ को उद्घाटनका क्रममा नेपाल सरकारले अघि सारेको आठ परियोजनामध्ये एउटा 'डाटा सेन्टर' निर्माण तथा सञ्चालनको परियोजनामा हस्ताक्षर भयो जसलाई उत्साहजनक लगानी भएको मान्न सकिन्न।

तसर्थ, आजको विश्वमा अझ विकासोन्मुख राष्ट्रहरूमा सूचनाप्रविधिको अवसर असीमित रहेको विभिन्न अनुसन्धानले देखाएका छन्। हार्वर्ड विश्वविद्यालयको हार्वर्ड ग्रोथ ल्याबले जनाए अनुसार विश्वमा नेपालबाट सूचनाप्रविधि क्षेत्रको निर्यात सन् २०२१ मा झण्डै ६७ अर्ब बराबर भएको थियो जुन कुल निर्यातको २५ प्रतिशत थियो। सन् २०२४ मा सूचनाप्रविधिको निर्यात बढेर १ खर्ब नाघ्ने अनुमान गरिएको छ। यो सम्भव भएको नेपालका सूचनाप्रविधिका उद्यमी, विद्यार्थी र यस क्षेत्रमा विज्ञका कारणले नै हो। स्वस्फूर्त रूपमा भइराखेका यस्ता कार्यलाई सरकारले आवश्यक सहजीकरण गऱ्यो भने सूचनाप्रविधिको राष्ट्रिय अर्थतन्त्रमा उल्लेख योगदान हुने देखिन्छ र सो पहलकदमी गर्न ढिलो भइसकेको छ। भर्खरै समापन भएको लगानी सम्मेलन २०२४ को उद्घाटनका क्रममा नेपाल सरकारले अघि सारेको आठ परियोजनामध्ये एउटा 'डाटा सेन्टर' निर्माण तथा सञ्चालनको परियोजनामा हस्ताक्षर भयो जसलाई उत्साहजनक लगानी भएको मान्न सकिन्न।

नेपालमा विकासको अवधारणा बनाउन सूचनाप्रविधिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। जस्तैः सूचना पहुँच, आर्थिक विकास, शिक्षा तथा सीप विकास, स्वास्थ्य सेवा सुधार, कृषि नवप्रवर्तन, सुशासन र नागरिक संलग्नता गराउन, पूर्वाधार विकास, सामाजिक आर्थिक समावेशीकरण, विपद् व्यवस्थापन, वातावरण स्थिरताको क्षेत्रमा सूचनाप्रविधिको पहुँच पुऱ्याउन सके आर्थिक समृद्धि हासिल गर्न धेरै समय लाग्ने छैन।

# प्रदीपले गराए प्रधानमन्त्रीको ध्यानाकर्षण

काठमाडौं/नेपाली कांग्रेसका नेता एवम् काठमाडौं क्षेत्र नं.५ का सांसद प्रदीप पौडेलले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर आगामी बजेटमा समावेश गर्नुपर्ने बहुबर्षीय योजनाका बारेमा ध्यानाकर्षण गराएका छन् ।

सरकारले आगामी बर्षको बजेट ल्याउने तयारी गरिरहँदा नेता पौडेलले बजेटमा समावेश गर्नुपर्ने योजनाका बारेमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन् ।काठमाडौं उपत्यकाका एवं सिंगो राष्ट्रका आम नागरिकका जीवनसँग प्रत्यक्ष जोडिएका योजनाहरू



सरकारको नीति तथा कार्यक्रमका बहुवर्षे आयोजनाका रूपमा सूचीकृत गराई तत्काल् कार्यान्वयनका लागि आवश्यक बजेटको विनियोजन गरिदिनका लागि प्रधानमन्त्रीसँग आफूले अनुरोध गरेको उनले 'नयाँ विमर्श' लाई जानकारी गराए ।

सांसद पौडेलले शिवपुरी राष्ट्रिय निकुञ्ज जलाधार क्षेत्र भित्रका मुहान पोखरी, विष्णुपादुका र चण्डेश्वरीमा रहेका खानेपानीका स्रोतहरू संकलन गर्न एकीकृत पानी संकलन केन्द्रको स्थापना गरिनुपर्नेमा उनले जोड दिएका छन् । यसैगरी ट्याङ्की निर्माण गरी वितरणका लागि शिवपुरी खानेपानी राष्ट्रिय गौरव परियोजनालाई बहुवर्षे आयोजनाका रूपमा सूचिकृत गराई बजेटको विनियोजन गर्न माग गरेका छन् ।

रिङरोड दोश्रो खण्ड कलंकीदेखि धोबीखोला चाबहिल विस्तार परियोजना,विष्णुमती नमूना करिडोर राष्ट्रिय गौरव परियोजना,टुकुचा खोला ढल व्यवस्थापन र टोखा न.पा. वडा नं.२ मा रहेको भूतखेलमैदान खेलकुद विकास योजनालाई आगामी बजेटमा पार्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको सांसद पौडेलले जानकारी दिए ।

आयोजनाहरुको कार्यान्वयन पश्चात खानेपानीको तथा धुवाधुलोको समस्या हल गर्न, राजधानीको वातावरण स्वच्छ राख्न लगायत सहज सडक प्रणालीले नागरिकको समय बचत गर्न तथा समग्रमा जीवनस्तर माथि लैजान महत्वपूर्ण हुने पौडेलले बताएका छन् ।

# अनेसास निर्वाचन समिति गठन

अमेरिका/ अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले सन् २०२४-२०२६ कार्यकालको लागि केन्द्रीय कार्यसमितिको निर्वाचन तयारी शुरू गरेको छ ।




शनिबार अनेसासका अध्यक्ष गोवर्द्धन पूजाको सभापतित्वमा बसेको बैठकले पत्रकार तथा साहित्यकार गुणराज लुइँटेलको संयोजकत्वमा निर्वाचन समिति गठन गरेको हो । समितिमा डा. चूडामणि खनाल र डा. कविता घिमिरे रहेका छन् ।

प्रत्येक दुई-दुई वर्षमा हुने निर्वाचनले यसपटक १७ औं अध्यक्षलाई निर्वाचित गर्ने छ । विश्वमा पाँचवटा महादेशमा फैलिएको अनेसासका दुई हजार चार सय जति आजीवन सदस्य रहेका छन् । यसरी विश्वभर यति ठूलो सञ्जाल भएको यो एकमात्र पुरानो र सक्रिय साहित्यिक संस्था हो । भानुजयन्तीको सन्दर्भ पारेर नयाँ कार्यसमितिलाई पदहस्तान्तरण गरिने कार्ययोजनासहित निर्वाचन गरिने अध्यक्ष गोवर्द्धन पूजाले बताए ।

यसपटकको निर्वाचनले एक-एकजना अध्यक्ष र वरिष्ठ उपाध्यक्षसहित प्रत्येक महादेशबाट १-१ जना उपाध्यक्ष गरी पाँचजना उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र पाँचजना सदस्य निर्वाचित गर्नेछ । १७ जनाको कार्यसमिति पूरा गर्न दुईजना सदस्य मनोनीत गर्नेछ ।

# अर्लाङ्‌दी मन्दिरको जीर्णोद्धार

गोरखा/ गोरखाको शहीद लखन गाउँपालिका-४ स्थित ताक्लुङमा रहेको अर्लाङ्दी मन्दिरको जीर्णोद्धार सम्पन्न भएको छ । राष्ट्रिय पुरातत्व विभागले विनियोजन गरेको ३४ लाख ५९ हजार रुपियाँको लागतमा सो मन्दिरको जीर्णोद्धार गरिएको जनाइएको छ । वि.सं. २०७२ बैशाख १२ गते बारपाक केन्द्रविन्दु भएर गएको विनाशकारी गोरखा भूकम्पले पुरातात्विक तथा ऐतिहासिक महत्व बोकेको उक्त मन्दिर पूर्णरुपमा क्षति भएको थियो ।

मन्दिर जीर्णोद्धार गर्न पुरातत्व विभागले भक्तपुरको 'एम.बी. एण्ड सन्स कन्स्ट्रक्सन'सँग ठेक्का सम्झौता गरेको थियो ।त्यसबाहेक मन्दिर वरपरको व्यवस्थापनलगायतका काम भने मन्दिर संरक्षण समितिले आफैँ गरेको बताइएको छ । उक्त मन्दिर त्यस क्षेत्रको प्रमुख धार्मिक आस्थाको केन्द्र हो । प्रसिद्ध मनकामना मन्दिरको दिदीबहिनी रहेको विश्वास गरिने उक्त मन्दिर सयौँ वर्ष पुरानो रहेको मानिन्छ ।

# प्रदेशबाट विशेष राहतको माग

जनकपुरधाम/ मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसँग विभिन्न दलका नेताहरुले भेंट गरी आगलागीबाट पूर्णतः जलेको मटीहानीको जरलहवा टोलका जनताका लागि प्रदेश सरकारबाट विशेष राहत सहयोगको मांग गरेका छन् ।

तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लाल, नेपाली काँग्रेसको नेता रामसरोज यादव, तमलोपाको वरिष्ठ नेता डा. विजयकुमार सिंह, काँग्रेसका नेता जीवनाथ ठाकुर, तमलोपाका रविशंकर सुभाष, उमेश मण्डल, विभा ठाकुर, विमला साह, वैद्यनाथ साहसहितको प्रतिनिधि मण्डलले त्यस्तो माग गरेको हो ।

पुनः बसोबासको अहिलेसम्म कुनै व्यवस्था नभएको र जनता विचल्लीमा रहेको भन्दै प्रतिनिधि मण्डलका सहभागीहरुले एकद्वार प्रणालीको नाममा अरुलाई राहत वितरण गर्न अवरोध खडा गरिरहिएको खबरप्रति समेत विरोध प्रकट गरेका थिए । प्रशासन, स्थानीय सरकार, प्रदेश र संघीय सरकार राजनीतिक क्रेडिटको निमित्त यस्तो गर्नु नहुने, राजनीतिक समर्थनको आधारमा सहयोग वितरण गर्न नहुने र जनताको पैसाबाट गरिने सरकारी सहयोगमा व्यक्ति वा नेताको हालीमुहाली चल्नु नहुने भन्ने धारणा नेतागणले राखेका थिए ।

गत बैशाख १२ गते सो टोलमा आगलागी भई करीब डेढ सय घर पूर्णतः नष्ट भएको थियो । प्रदेश सरकारले कुनै विशेष राहत-सहयोगको घोषणा नगरेकोमा क्षोभ प्रकट गर्दै यथाशीघ्र कदम उठाउन मांग गरेको छ ।

यसैगरी प्रतिनिधि मण्डलले पूरै मधेश प्रदेशमा भूमिगत जलको सतह स्वाट्टै झरेर दैनिक उपयोग र पेयजलको अभाव भएको समस्याप्रति समेत मुख्यमन्त्रीको ध्यानाकर्षण गरायो । चुरे भावरसंग सम्बन्धित वातावरणीय समस्या इत्यादिको बारेमा समेत ध्यानाकर्षण गराउँदै भूमिगत जलको रिचार्जिंगको निमित्त अल्पकालिन/दिर्घकालिन परियोजना संचालन गर्न आग्रह गरे ।

मधेश प्रदेशमा यस अवधिमा हत्या र दुर्घटनाका घटनाहरु दिनानुदिन बढ्दै गएकोमा चिन्ता प्रकट गर्दै प्रतिनिधि मण्डलले यसलाई त्तकाल नियन्त्रण गर्नु पर्ने भन्दै सुरक्षा क्षेत्रलाई यसप्रति सजग गराउन मुख्यमन्त्रीसंग अनुरोध गरेको छ ।

टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान
टेलिभिजनको दुनियाँमा नेपाली अभियान
- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्छौं।

काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीँ

Abhiyan
अभियान डिजिटल वर्ल्ड प्रा.लि.
काठमाडौं
विष्णु काफ्ले (९८५१११७५७२)

## भक्तपुर ...

प्रदेश सरकारले निर्णय गरिसकेको जानकारी गराए ।

सो अवसरमा नेपालका लागि बेलायती राजदूत बर फेनले भक्तपुर अस्पतालको प्रगतिप्रति सन्तोष व्यक्त गरेका थिए । उनले आफ्नो देशको तर्फबाट भक्तपुर अस्पताललाई थप आर्थिक, भौतिक एवं प्राविधिक सहयोग पुऱ्याउने इच्छा पनि जाहेर गरेका थिए ।नवनिर्मित भवन सञ्चालनमा आएको र यसले सेवामा धेरै सुधार भएको अस्पतालकी निर्देशक डा. सुमित्रा गौतमले बताइन् ।

उक्त भवनमा लिफ्टयुक्त चार तला रहेको बताइएको छ । सो भवनमा शल्यक्रिया, आइसीयु र एनआइसियु लगायतका सेवा रहेको बताइएको छ ।

## श्रीलंकाका...

सम्मेलनको क्रममा भेटवार्तामा तात्कालीन श्रीलङ्काली राष्ट्रपति मैत्रीपाला सिरसेनासँग मृत्युदण्ड सुनाइएका ललितपुरका थापालगायतको फैसलामा पुनर्विचार गर्न आग्रह गरेका पनि स्रोतले बताएको छ ।

## सुन ...

६१ किलो सुन तस्करीका मुख्य योजनाकारको आरोपमा थुनामा रहेका तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङकी श्रीमती रहेको बताइएको छ । रोका त्यस प्रकरणमा फरार छिन्।

ब्यूरोका प्रवक्ता होविन्द्र बोगटीले छापा मारेको पुष्टि गर्दै उक्त होटलमा विगतमा सुन तस्करीको अनुसन्धानको क्रममा राजश्व अनुसन्धान विभागले पनि छापा मारेको थियो ।

## मुलुकमा ...

दुई लाख रुपियाँसम्म लिन्छन्, घरधनीहरु ।

यातायात व्यवसायीहरु नयाँ गाडी हाल्ने धनीसँग दुई लाखदेखि १५ लाख असुल्छन् । दैनिक सर्वसाधारणबाट १८ करोड ठग्छन् । यातायात क्षेत्रमा लामो समयदेखि सिण्डिकेट छ । सरकारले सिण्डिकेट हटेको दाबी गरेपनि त्यो केबल कागजमै सीमित हुन पुगेको छ । व्यवहारमा अहिले पनि सिण्डिकेट कायमै छ । यता, जोकोहीले ठगेका छन् वा लुटेका छन् । सरकारी, सार्वजनिक जग्गा, गुठी, पाटीपौवा, ढुंगेधारा, मठमन्दिरको जग्गा सबै व्यक्तिको नाममा दर्ता गरिसकेको छ ।

२००७ सालअघि गाउँका मुखिया, बाठाटाठाहरुले गरिबहरुलाई शोषण गरे । उनीहरुको सबै सम्पत्ति खाइदियो वा दास बनायो भनेर विरोध चर्कियो । आन्दोलन भयो । व्यवस्थामै परिवर्तन आयो । अहिले त जसले जति ठगेपनि वा लुटेपनि कोही केही पनि बोल्दैन । पीडितले उजुरी दिँदैनन् । दिएपनि सरकार त्यस्ता ठगहरुलाई पक्राउ गर्दैन । अहिलेका ठगहरु सुकिलामुकिला, शिक्षित छन् । कोट पेन्ट लगाएर सर्वसाधारण ठगिरहेका छन् ।

उनीहरुको नीति नै जसरी भएपनि ठग्नु हो । सहकारीका पीडितहरु घरैपिच्छै छन् । लघुवित्त, फाइनान्स र बैंकका पीडितहरु पनि त्यत्तिकै भेटिन्छन् । अब सरकारले सहकारी खोल्न दिनुहुन्न । भएको पनि बन्द गर्नुपर्छ किनकि सहकारी भनेकै ठग हो । मालपोतमा घरजग्गा किनेर ठप्प भइसकेको छ । यातायात कार्यालयहरुमा पनि गाडीको किनबेच ना नामसारी छैन । शेयरको मूल्य र कारोबार पनि घट्दै गएको छ ।

बजारमा पूरै मन्दी छ । यी तीन क्षेत्रमा लगानी गर्ने कोही छैन । आर्थिक मन्दी, महंगी, बेरोजगारीका कारण कोठा, सटर र फ्ल्याट धमाधम खाली भएका छन् । व्यापारीहरु सटर खोल्नु मात्र हो, बहनी समेत नहुने गुनासो गर्छन् । बैंकमा कर्जा वा ऋण लिन जाने एकदमै कम छन् ।

बैंकको सबै लगानी घरजग्गा, गाडी र शेयरमा छ । हिजो सहकारी पनि यही क्षेत्रमा लगानी गर्दा भाग्नुपरेको थियो । आज बैंकमा पनि यही संकेत देखिएको छ । अहिले पनि नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय वा सरकारका निकायहरु बैंक ठीकठाक रहेको दाबी गरिरहेका छन् । जनता डुबेपछि मात्र बैंकमा समस्या आयो भन्ने हो, सरकार ? हिजो बढी ब्याजको प्रलोभन देखाएर बैंक तथा वित्तीय संस्थाले जनतासँग भएको रकम आफ्नो संस्थामा राख्न लगाए । अहिले सहकारी भागे । जनताको विचल्ली भएको छ ।

सर्वसाधारणले आफूले जीवनभर कमाएको वा पुख्यौली सम्पत्ति बेचेर समेत सहकारीमा बचत गरेका थिए । सहकारी एकाएक भाग्दा सरकार जनता डुबेको टुलुटुलु हरेर बस्यो ।सरकारले केही गरेन वा भनौं गर्न चाहेन । ३५ हजार बढी सहकारीले लाखौं बचतकर्ताको ३९ खर्ब रकम खाइदिँदा पनि सरकार मौन बसेको छ । त्यस्ता ठगहरुलाई कानूनको दायरमा ल्याउन सकेको छैन । सरकारले पीडित बचतकर्ताहरुलाई न्याय दिन सकेन । अहिले बैंक पनि टाट पल्टिसकेका छन् ।

कुन दिन र कसरी बैंक भाग्छ वा बन्द हुन्छ ? भनेर ठेगान छैन । यस्तो अवस्थामा जनतालाई सचेत गराउनुको साटो सरोकारवाला निकायहरु उल्टै बैंक ठीकठाक छ भन्दै आम जनमानसमा भ्रम सिर्जना गरिरहेका छन् ।

वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिने प्रलोभनमा मानव बेचबिखन पनि बढ्दो छ । धर्म वा माताको नाममा पनि ठगी गर्ने क्रम बढ्दो छ । समाजसेवा गर्ने भन्दै सीमित व्यक्तिले जनता ठगिरहेका छन् । उनीहरु कारबाहीको दायरामा ल्याउन सकेका छैनन् । मुलुकमा संविधान छ, ऐन, कानून छ । जनतामा अझै चेतनाको विकास भइसकेको छैन ।

यस्ता ठग, शोषक, सामान्तीहरुको विरोधमा बोल्न वा उजुरी दिनुपर्ने जनतामा सचेतनाको अभाव छ । सञ्चारकर्मीहरुले पनि यस्ता ठगहरुको विरोधमा कलम चलाउन वा बोल्न सकेका छैनन् । सरकार भन्छ, 'देशमा साक्षरताको दर बढेको छ । राज्यले शिक्षामा गरेको लगानीले नै शिक्षितको दर बढ्दै गएको छ ।'

जनता शिक्षित भएको भए यस्ता ठगहरुले कसरी सर्वसाधारण ठगिरहेका छन् ? अहिले पढलेख भएकादेखि नपढेकासम्म ठगीमा परेका छन् । उनीहरुमा सचेतनाको अभाव छ । अब सरकारले जनतामा सचेतनाको विकास गर्नुपर्छ । यस्ता ठगीहरुको लहैलहैंमा नलाग्न, उजुरी दिन जागरुक गराउनुपर्छ । सरकारले पनि जनता ठग्ने व्यक्ति वा संस्थालाई धमाधम कारबाही गर्नुपर्छ । ठगहरुको संस्था खारेज गरिदिनुपर्छ । सञ्चालक, कर्मचारीहरुलाई कारागार हाल्नुपर्छ ।

तिनीहरुको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ । जनताले तिरेको करबाट सरकार सेना, प्रहरी र सशस्त्र वर्षेनी भर्ती गर्छ । उनीहरुलाई जनताले तिरेको करबाट तलबभत्ता खुवाउँछ । सुरक्षाकर्मीको काम जनता ठगिन नदिनु वा ठग्नेलाई कारबाही गर्नु हो । अहिले पनि ठगहरुले दिउँसै रात पारेर जनता लुटेका छन् । सरकार अनुगमनमा चासो दिँदैन । कसले कसरी ठगिरहेको छ ? भनेर सरकारलाई थाहा छैन । राजनीतिक दलका नेताहरु पनि देश र जनताको हितमा काम नगरी ठगहरुकै पक्षमा काम गर्छन्, निर्णय गर्छन् । जनताको कर बालुवामा पानी भइरहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल पनि ठगहरुलाई कारबाही गर्न नसकेको अवस्थामा रहेको देखिन्छ । आफ्नो प्रधानमन्त्री पद पनि गुम्ने उनमा डर छ । ठगहरु महलजस्तो घरमा मोजमस्ती गरेर बसिरहेका छन् । पीडितहरुको सडकमा बास भएको छ । अनि सरकार कहाँ छ ?

## जसपाको ...

चार जना मात्र सांसद रहेको चर्चा चलेको छ । जति प्रयत्न गर्दा पनि 'भ्यागुताको धार्नी' नपुग्ने भएपछि अध्यक्ष नेपाल टाङ्गमुनी पुच्छर लुकाउन बाध्य भएका छन् ।

यता सम्मानित नेता खनालले पनि प्रेस विज्ञप्ति निकालेर पार्टी विभाजन गर्न नलागेको स्पष्ट पारेका छन् । जसपाका सांसद राजकिशोर यादव र नेकपा एसमा उपाध्यक्ष राजेन्द्र पाण्डेको भूमिका के हुने हो भन्ने स्पष्ट छैन । यद्यपि राजनीतिक वृत्तमा पार्टी विभाजनको डिलमा पुगेको चर्चा चलेको छ । एस विभाजन भए अध्यक्ष नेपालको प्रधानमन्त्री बन्ने सपनामा ब्रेक लाग्ने निश्चित छ ।

उता, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको पक्षमा २१ जना सांसदहरुमध्ये १२ जना मात्र रहेपछि उपसभापति डा. स्वर्णिम वाग्ले पक्षधर नौ जना सांसदहरुले विद्रोह गरेर पार्टी विभाजन गर्न सक्ने बताइएको छ ।

पार्टी सभापति लामिछानेको एकलौटीका कारण छायामा परेपछि सांसदहरु उकुस मुकुसको अवस्थामा पुगेको रास्वपा श्रोतले बताएको छ । पार्टी विभाजन तथा सहकारी प्रकरणले लामिछानेको गृहमन्त्री पद धरापमा पर्ने जानकारहरुले बताएका छन् । यसैगरी हाललाई नेपाली काँग्रेस, एकीकृत समाजवादी र जनता समाजवादी पार्टी नेपाल मिलेर गठबन्धनको सरकार बनाउने च्याप्टर क्लोज भएको जानकारहरुले बताएका छन् ।

## मन्त्रिपरिषद्...

चितवन- २ र तनहुँ- १ मा भएको उपनिर्वाचनमा निर्वाचन जिती बारा-२ मा सर्मनाक पराजय व्यहोरेको थियो । आजदेखि शुरु हुने बजेट अधिवेशनमा प्रतिपक्षी दल काँग्रेसले सहकारी ठगी प्रकरणमा रवि लामिछानेले राजीनामा गरेर संसदीय छानविन समिति गठन गर्नुपर्ने मागलाई 'बटम लाइन' बनाएपछि गृहमन्त्री लामिछाने अप्ठ्यारोमा पर्न सक्ने खतरा बढेको छ ।

यस्तो अवस्था आए पुनर्गठित मन्त्रिपरिषद्मा लामिछानेको विकल्पमा उपसभापति वाग्लेले पार्टीको नेतृत्व गरेर सरकारमा जाने चर्चा चलेको छ । यता, नेकपा एसबाट पनि नयाँ अनुहारले मौका पाउने र पुरानाहरु विदा हुनसक्ने बताइएको छ । नयाँ मन्त्रिमण्डलमा नाउपा पनि सहभागी हुने बताइएको छ ।

## सत्ताका....

प्रधानमन्त्री बन्न सकिएला भनी सोचमग्न अवस्थामा छन् । उनले पनि 'कम्युनिष्ट' कर्मलाई तिलाञ्जलि दिएर राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई जोगाउन 'नाङ्गो नाच' देखाउने गरेको कुरा विवादित रहेको भनी समाचार स्रोतले उल्लेख गरेको छ ।

उनले लामिछानेको बचाउ गर्नुमा आफू प्रधानमन्त्री बन्ने अवसर जुटाउनका लागि लामिछानेको दलको सिट संख्या अनुकुल हुने ठानिरहेको बताइन्छ । लामिछानेलाई नचिढ्याउँदा आफू कुनै पनि बेला प्रधानमन्त्री बन्ने सोचमा ओली रहेको बताइन्छ ।

उता, 'कम्युनिष्ट' को फुर्को भिरेर १० सिटमा सीमित रहेको नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल पनि 'कम्युनिष्ट' नीति बाहिर बसी प्रधानमन्त्री कसरी बन्ने भन्ने रोगले ग्रस्त रहेको आरोप लाग्दै आएको छ । उनी हालको सत्ता गठबन्धनमा रहेर पनि गठबन्धनको विकल्पमा लागिपरिरहेका छन् । उनी एमालेका अध्यक्ष ओलीको पेलान्मा आफू परेको ठानी ओलीलाई ठेगान लगाउने गरी क्रियाशील भैरहेको अवस्थामा ओली र दाहालको पहलमा सत्तारुढ दल जसपा नेपालमा विभाजन हुन पुगेको चर्चा छ । नेता नेपालले आफ्नो दलसँगै जसपा नेपाललाई पनि हालको गठबन्धनबाट बाहिर निकाली आफू प्रधानमन्त्री बन्ने खेलमा लागेका थिए । उनले कांग्रेसको सहयोगमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई समेत प्रधानमन्त्री बन्ने वातावरण बनाउने गरी गतिविधि गरेको आरोप लाग्न थालेको थियो ।

यस्तो अवस्थामा नेपाल र यादवलाई ठेगान लगाउने गरी जसपा नेपालमा विभाजन गराउने कार्य भएको छ । सरकारमै रहेर सरकारमा रहेका दलहरुमा विभाजन ल्याउने हास्यास्पद कर्म अहिले भैरहेको चर्चा चलेको छ । उस्तै परे १० सिट भएको एकीकृत समाजवादीलाई समेत टुक्र्याउने खेलमा ओली र दाहाल लाग्ने समाचार स्रोतको दाबी छ । यी दुवै दलमा विभाजन ल्याउँदा विभाजित दलको समर्थनमा पनि सरकार टिक्न सक्ने र अर्को सरकार बन्न नसक्ने अवस्था बनाउनका लागि दाहाल र ओली लागिपरेको स्रोतको दाबी छ । यस्तो अवस्थामा सत्तारुढ गठबन्धनमा नै अविश्वासको अवस्था रहेको बताइएको छ ।

उता, केन्द्रमा गठबन्धन परिवर्तन भएमा प्रदेशमा पनि परिवर्तन गर्नैपर्ने मान्यतालाई स्थापित गराउने प्रयास भैरहेको छ । केन्द्र र प्रदेशको आ-आफ्नै हैसियत हुन्छ र हुन दिनुपर्छ भन्ने मान्यता विपरित प्रदेशलाई केन्द्रको पुच्छर बनाउने कार्य भैरहेको छ । यसरी केन्द्रको गठबन्धन अनुसारको सरकार बनाउने नाममा प्रदेशमा संविधानको खिल्ली उडाउने कार्यहरु भैरहेका छन् । प्रदेशमा प्रदेश प्रमुखले विवादित कार्यहरु गरिदिँदा त्यसको कानूनी उपचार खोज्ने भन्दै अदालतको ढोका ढक्ढक्याउने कार्य भैरहेका छन् ।

गण्डकी प्रदेशमा सभामुखले आफ्नो समेत मत गणना गरेर सरकार टिकाउने विवादित प्रयास गरेका छन् । संविधानको अपव्याख्या गर्दै उनले सभामुखको भूमिकामाथि नै प्रश्न उठ्ने गरी कार्य गरेका भनी उक्त विवादले अदालतमा प्रवेश पाएको छ । यसैगरी कोशी प्रदेशमा पनि विस्थापित गर्न नमिल्ने सरकारलाई बलमिच्याइँ गरी फाल्ने प्रयास भैरहेको छ । केन्द्रको निर्देशनमा कोशी प्रदेशमा उपधारा ५ अनुसार बनेको सरकारका विरुद्धमा दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने तथा विश्वासको मत एक पटक पाइसकेपछि फेरि लिनु नपर्ने भन्ने कुराको खिल्ली उडाउने कार्य भएको छ ।

त्यहाँ एमाले र माओवादी केन्द्रका सांसदहरुले आफूखुशी 'संकल्प प्रस्ताव' पारित गरी केदार कार्की नेतृत्वको सरकार अल्पमतमा परेको जिकिर लिएका थिए । त्यसैको आधारमा प्रदेश प्रमुखले सोही उपधाराको आधारमा नयाँ सरकार गठनका लागि शुक्रबार ५ बजेसम्मका लागि भनी बुधबार राति साढे १० बजे आह्वान गरेका थिए । उनको अभीष्ट एमालेका नेता हिक्मतबहादुर कार्कीको नेतृत्वमा सरकार बनाउने नै रहेको स्पष्ट भएकाले त्यसलाई चुनौती दिने तयारी केदार कार्कीले गरेका छन् ।

हालको सत्ता गठबन्धनमा रहेका दलहरुकै बीचमा विमति देखिएको अवस्था छ । उनीहरुका बीचमा एकअर्कालाई शंका गरेर बस्नु परेको अवस्था जगजाहेर हुन थालेको छ । वर्तमान सरकारमै धमिराहरु क्रियाशील रहेको चर्चा चल्न थालेको छ । सरकारमै रहेर माधवकुमार नेपाल र उपेन्द्र यादवले प्रधानमन्त्री बन्ने लालसामा गठबन्धनको मर्म विपरितको कार्य गरेको बताइन्छ ।

यसैगरी सरकारमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले सरकारको दुरुपयोग गरी अरुलाई समेत लज्जित हुने अवस्था सिर्जना गरिरहेको आरोप लाग्दै आएको छ । लामिछानेले महान्यायाधीवक्ताको कार्यालयमा दवाब दिएर एउटा पत्र लिई आफूलाई सहकारी मुद्दामा 'क्लिन चिट' दिएको भन्नेसम्मको कार्य गरेका छन् । उनले पदमा बसेर आफूविरुद्धका प्रमाणहरु मेटाउने खतरा एकातिर कायमै राखेका छन् भने आफूविरुद्ध हुने गरी कुनै पनि गतिविधि गरिएमा आफूले 'राजीनामा' दिने भनी दाहाल र ओलीलाई घुर्की लगाउने कार्य गर्दै आएका छन् ।

लामिछानेको घुर्की, नेपाल र यादवको गठबन्धन विरोधी कार्य तथा दाहाल र ओलीको कुर्ची मोहले सत्तारुढ दलहरुमा समेत विभाजन गराउने खालका गतिविधिले सरकारमा रहेका दलहरुका बीचमा अविश्वास रहेको देखिएको छ । उनीहरु 'जोगी देख्दा भैंसी तर्सिने, भैंसी देख्दा जोगी तर्सिने' को अवस्थामा पुगेका बताइएको छ ।

## प्रधानमन्त्रीसँग ...

राजीनामा गर्ने आमचाहना विपरित दाहालसँग लत्रिएर पेश भएको बताइएको छ । यादवको भित्री चाहना सरकारमै रहने रहेको चाल पाएका दाहालले पनि विभाजित अवस्थाको दलले बढी मन्त्री माग्ने संभावना रहेको कुरालाई ख्याल गर्दै एउटै दल बनाएर आउन सुझाव दिएको बताइएको छ । दाहालले पनि यादवले राजीनामा गर्ने र उनको स्थानमा हाल विभाजित भएर बनेको दल जसपालाई मन्त्री दिने सोच बनाएका थिए । आफ्नो सोच विपरित लत्रिएर यादव आएपछि जसपालाई थप मन्त्री दिन नसकिने अवस्थालाई आँकलन गरी मिलेर आउन भनी पठाएको समाचार स्रोतले विश्लेषण गरेको छ ।

एमालेका अध्यक्ष ओलीले प्रधानमन्त्री दाहाल र रास्वपाका अध्यक्ष रवि लामिछानेसँग बैठक गरी सरकार जोगाउन साना दललाई फुटाउनुपर्ने धारणा राखेको समाचार बाहिर आएकै बखत् आफ्नो दललाई फुटाइएको भनी यादवले दुखेसो गरेका थिए । उनले ओलीले आफू प्रधानमन्त्री बन्न तथा माधवकुमार नेपाललाई प्रधानमन्त्री बन्न नदिनकालागि जस्तोसुकै हर्कत गर्न सक्ने अवस्थाको स्वरुपमा आफ्नो दल विभाजनको अवस्थामा पुगेको भनी यादवले दाहालसमक्ष गुनासो पनि गरेका थिए ।

उता, सुदूरपश्चिम प्रदेशको सरकारलाई विश्वासको मत दिने विषयमा एमालेले आनाकानी गरेको मूल कुरा लिएर एकीकृत समाजवादीका अध्यक्ष नेपालले प्रधानमन्त्री दाहालसँग भेट गरेको स्रोतको दाबी छ । ओलीकै कारण जताततै समस्या देखिने गरेको, सहमतिहरुको पालना नहुने गरेको आरोप अध्यक्ष नेपालले लगाएका थिए । उनले आफूलाई र आफ्नो दललाई ओलीले निषेधको राजनीति गरेको आफ्नो ठम्याइ रहेको जानकारी गराउँदै यस्तै अवस्था रहेमा आफ्नो दल सरकार रहन बाध्य नहुने धारणा पनि राखेका स्रोतले बताएको छ ।

यस्तै अवस्था रहेमा जेठको पहिलो साता सरकार छाड्ने संकेत उनले गरेको स्रोतले दाबी गरेको छ । प्रधानमन्त्री दाहालले भने तत्काल सरकार नछाड्न आग्रह गरेका छन् । सुदूरपश्चिम प्रदेशको सरकारलाई विश्वासको मत दिलाउन आफूले एमालेसँग संवाद गरिरहेको भन्दै त्यसमा ओलीलाई सकारात्मक बनाउने विश्वास आफूसँग रहेको भनी दाहालले भनेको स्रोतले जानकारी दिएको छ । अध्यक्ष नेपालले अहिलेको सरकारबारे आफू त्यति सन्तुष्ट नभएको भनी दाहाललाई बताएका थिए । उनले बजेट निर्माण, सरकारी नियुक्ति लगायतका सबै विषयमा आफ्नो दललाई बेवास्ता गरेको र आफूहरुलाई भऱ्याङको रुपमा मात्रै प्रयोग गरेकाले सरकारमा बस्न अप्ठेरो भएको भनी गुनासो गरेको पनि स्रोतले बतायो ।

यसैबीच हालको परिस्थितिका कारण नेकपा (माओवादी केन्द), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले बनाएको समाजवादी मोर्चा भने धरापमा परेको छ ।

# हिमालयन अन्तर्राष्ट्रिय अवार्डको रौनक

काठमाडौं/ हिमालयन अन्तर्राष्ट्रिय अवार्ड-२०८० सम्पन्न भएको छ । वुमेन्स एरा एण्ड मिडिया ग्रुप नेपालको आयोजनामा अवार्डको चौथो संस्करण भएको हो ।




रक्षामन्त्री हरिप्रसाद उप्रेतीको प्रमुख आतिथ्यतामा भएको समारोहमा वरिष्ठ गायिका ज्ञानु राणालाई नगद राशिसहित दीर्घ साधना सम्मान अर्पण गरिएको आयोजकले जनाएको छ ।

यस्तै सिक्किमका साहित्यकार जीवन शर्मालाई 'हिमालयन गीत/संगीत विशेष सम्मान', चलचित्र निर्माता तथा अभिनेत्री रुश्मा राईलाई 'हिमालयन चलचित्र विशेष सम्मान' र वरिष्ठ साहित्यकार खेमनाथ दाहाललाई हिमालयन विशेष साहित्य साधना सम्मान' अर्पण गरिएको थियो । 'भाषा, साहित्य, कला संस्कृतिका सर्जकको सम्मान, हाम्रो एक अभियान' भन्ने मूल नाराका साथ सम्पन्न समारोहमा वरिष्ठ पत्रकार विजयरत्न तुलाधरलाई 'हिमालयन पत्रकारिता रजत सम्मान' प्रदान गरिएको थियो । यसैगरी वरिष्ठ पत्रकार शान्तिप्रियलाई 'हिमालयन पत्रकारिता विशेष सम्मान', विनोद देवकोटालाई 'हिमालयन पत्रकारिता सम्मान' र किरणप्रसाद अधिकारीलाई मोफसल पत्रकारिता सम्मान अर्पण गरिएको आयोजकले जनाएको छ ।

प्रमुख अतिथि मन्त्री उप्रेती, विशिष्ठ कलाकार वसुन्धारा भुसाल, वरिष्ठ पत्रकार एवं साहित्यकार प्रा.पुरुषोत्तम दाहाल, अवार्डका अध्यक्ष गणेश सुवेदी र संयोजक गीता अधिकारीले उनीहरुलाई खादा, माला, सम्मानपत्र प्रदान गरेका थिए । समारोहमा अधिकारकर्मी जगदीशप्रसाद अधिकारी, वरिष्ठ साहित्यकार हरि शर्मा, साहित्यकार रमेश दाहाल, युवा उद्यमी मिर्जा राशिद वेग, लोकदोहोरी गायिका शर्मिला तामाङ, सुनिता नेपाली, वरिष्ठ कस्मेटोलोजिस्ट मन्दिरा खड्का र व्यवसायी अभिशेष विक्रम शाहलाई पनि सम्मान अर्पण गरिएको थियो । म्युजिक कम्पोजर शाहस शाक्य, पत्रकार तुलसी गिरी 'भावुक', गायक महेन्द्रराज बराल र संजीवसिंह रानालाई जुरी सम्मान गरिएको समारोहमा पाटन प्याथ ल्याव प्रा.लि., नोर्डिक एजुकेशन कन्सल्टेन्सी प्रा.लि. र सुमन ड्राइभिङ सेन्टरलाई आभार पत्र हस्तान्तरण गरिएको थियो ।

स्रष्टा सर्जकलाई सम्मान गर्ने उद्देश्यले शुरु गरिएको अवार्डलाई यस वर्ष पनि निरन्तरता दिइएको अवार्डका अध्यक्ष सुवेदीले बताए । भाषा, साहित्य कला संस्कृतिका सर्जकलाई सम्मान गर्ने उद्देश्यले अवार्डलाई निरन्तरता दिइएको अवार्ड संयोजक गीता अधिकारीले जानकारी गराउँदै आ-आफ्नो क्षेत्रबाट कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने सबैमा धन्यवाद व्यक्त गरिन् । उनले आगामी संस्करण नेपाल बाहिर गर्ने तयारी रहेको पनि जानकारी गराइन् । वुमेन्स एरा मिडिया ग्रुपकी अध्यक्ष प्रतिमा राईले अवार्डका विषयमा प्रकाश पारेकी थिइन् । समारोहमा भजनमा ज्ञानेन्द्र गदाल 'कृष्ण कन्हैया', राष्ट्रिय गीतमा गोपालप्रसाद थपलिया 'देशको माटो', आधुनिक गीतकार पुरुषमा प्रकाश सुवेदी 'फूल राम्रो सूर्यमुखी', आधुनिक गीतकार महिलामा प्रतिमा गुरुङ 'आमा बाबा', संगीतकार आधुनिकमा महेश्वर पन्त 'ज्युदो देवता'ले अवार्ड प्राप्त गरेको घोषणा गरिएको थियो ।

यस्तै संगीत संयोजन आधुनिकमा बलराम राजवंशी 'माया हाम्रो', आधुनिक गायकमा हेमन्त शिशिर 'मेरो लागि तिमी', आधुनिक गायिकामा समीक्षा अधिकारी 'जीवनको रेल', आधुनिक युगल गायनमा रमेश पाठक/रचना रिमाल 'मायाकै पिर', आधुनिक गीत निर्देशकमा सोनाम पार्खिन 'अधुरो सपना-२', आधुनिक गीत मोडल पुरुषमा राज टाइगर 'धरहरामा बस्यो माया जाल' र आधुनिक गीत मोडल महिलामा सरस्वती खत्री 'तिमीलाई ज्यान दिन्छु' बाट अवार्ड चुम्न सफल भए । त्यस्तै, ध्वनि मिश्रणमा कुमार के.सी. 'यहीं कतै', छायांकारमा गंगाराम राई 'सल्लेरी वनमा', सम्पादकमा दिन्शन शाह 'कृष्णजीकी राधा', गजलमा डा.कृष्णहरि बराल 'अचानक' ले अवार्ड उचाल्नु भएको थियो । यसैगरी लोकपपमा सुरेन गौतम, 'सल्लेरी पाखाहरू', आधुनिक नवगायकमामा स्याडरोज 'अदृश्य माया', आधुनिक नव गीतकारमा गणेश घिमिरे 'देवता भाकी', नवमोडल महिलामा एलिना थपलिया 'तक्दिर', लोक तथा दोहोरी गायकमा चेतबहादुर बुढाथोकी 'रेलको बाटो', लोक तथा दोहोरी गायिकामा काव्य आचार्य 'ऐना काइँयो' ले अवार्ड प्राप्त गरेका थिए ।

त्यस्तै, लोक तथा दोहोरी शब्दमा कृष्ण भारद्वाज 'डम्बरकुमारी', लोक तथा दोहोरी लयमा मदन नेपाली (सुफिक्स) 'लाग्छ माया लाग्दैन', लोक तथा दोहोरी गीत निर्देशनमा जनक सिंह 'गरिदेउ विदा', लोक तथा दोहोरी मोडल पुरुषमा सागर लम्साल 'पिरैले सुकाउँछ ज्यान', लोक तथा दोहोरी मोडल महिला एन जेड शालु 'लुकी लुकी', टेलिचलचित्रमा रश्मि पाण्डे माकुरी 'सक्कि गो नि' र श्रृंगारमा विक्रम गौतमले 'भगवान कसम' बाट अवार्ड उचाल्न भएका थिए । समारोहमा कल्चर गीतमा छिरिङ लामा मोडललाई 'डन्जेन जोम्सेदु', लोक तथा दोहोरी गीतमा सुमी पराजुली 'चुम्मा चपक्कै', मोडल आधुनिकमा रोशन श्रेष्ठ 'ओ लम्भी', टेली चलचित्रमा सरिता राजोपाध्याय 'बुहारी' बाट जुरी अवार्ड प्राप्त गरे । सुवाषकुमार मण्डलले 'हर स्वासमा' इन्करेजमेन्ट अवार्ड र सुरज श्रेष्ठले लोकपप गीत 'बेनी बजारमा' बाट पब्लिक च्वाइस अवार्ड प्राप्त गरे ।

समारोहमा चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, नेपाल सांस्कृतिक संघका अध्यक्ष तीर्थ थापा, विरिष्ठ कलाकार उत्तम के.सी., गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापा, गीतकार संघका पूर्वअध्यक्ष चूडामणि देवकोटा, कलाकार ओम प्रतिक, नेपाल सांस्कृतिक संघका महामन्त्री शिवशंकर रिजाल (जोगिन्दर पानवाला), महामन्त्री रोशनी के.सी., चलचित्रकर्मी मनोज भेटवाल, गायिका देविका वन्दनाको उपस्थिति रहेको थियो । यसैगरी गायक शिशिर योगी, संगीतकार सन्तोष श्रेष्ठ, नायक गजित विष्ट, चलचित्र वितरक गोपलकाजी कायस्थ, द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान, निर्देशक माधवराज खरेल, कलाकार सनम कठायत, एनिमेटर अच्युत बजगाईं, कलाकार निर्देशक शाश अधिकारी, गीतकार भरत बमजन, निर्देशक रामकाजी घिमिरे, कलाकार कृष्ण शिवाकोटी, गायिका सारिका घिमिरे, कोरियोग्राफर/निर्देशक नारायण रिजाल, गायक माधव भण्डारी, गीतकार तथा पत्रकार सुमन वैरागी, किशन अर्याल, भोला रिजाललगायत विशिष्ट व्यक्तित्वहरूको बाक्लो उपस्थिति बताइएको छ ।

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस् । विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ । त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं ।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

# कवाडीवालाको कथामा 'भाउ'

काठमाडौं/लघु चलचित्र'भाउ' (कस्ट अफ लिभिङ) कान्तिपुर सिनेमाज् ओटीटी प्लेटफर्ममार्फत् सार्वजनिक भएको छ। विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरुमा छनोट भएको उक्त चलचित्रकोटिजर ऐना आर्ट्सको युट्युब च्यानलबाट रिलिज गरिएको हो।

टिजरमा कवाडीवालाको कथा प्रस्तुत गरिएको बताइएको छ। तराईबाट काठमाडौं आएर कवाडीखानामा काम गर्दै जीवन गुजाराको लागि संघर्ष गरिरहेको जीवन यसमा देख्न पाइने बताइन्छ। एउटा मधेशी समुदायको सामान्य परिवार र राजधानीमा घर भएको दुई वर्गको अन्तरलाई टिजरमा देखाउन खोजिएको छ। पोष्टरमा प्रयोग गरिएको र टिजरमा एउटा सिनमा शहरमा भएको ठूलो अपार्टमेन्ट अगाडिको दृश्यले हुँदाखाने र हुनेखाने बीचको खाडललाई देखाउन खोजेको छ।

उक्त लघुचलचित्र काठमाडौं र भक्तपुरमा छायांकन भएको हो।




कवाडीवालाको भूमिका कलाकार सुवास गजुरेलले निर्वाह गरेका छन्। अन्य कलाकारहरुमा सुजिता शाह, रेनुका कार्की र सुमन थापाले अभिनय गरेका छन्। लघुचलचित्रको छायांकन नारायण जिसीले गरेका हुन्। यसैगरी सहायक निर्देशन करण साउदले गरेका छन्।

अंग्रेजी सब्टाईटल सहित मैथिली र नेपाली भाषा प्रयोग भएको चलचित्रमा भाषा अनुवाद राम श्रेष्ठ र आर.के.मेहेताले गरेका छन्। प्रोडक्सन म्यानेजमेन्ट नरेन भट्टराईले गरेका हुन्। सम्पादन गणेश बि.सी. र कलरिङ राकेश दाहालले गरेका छन्।

चलचित्रसम्बन्धी विभिन्न विधामा पढाई सञ्चालन भइरहेको कान्तिपुर फिल्म एकेडेमीले नै कान्तिपुर सिनेमाज प्लेटफर्म सञ्चालन गरेको हो।'भाउ' इटालीको फेस्टिभल देल सिनेमा दि सेफलुको नोमिनेशन र जिम्वावेको भर्सिटी फिल्म एक्स्पोमा होनोरेवल मेन्सनमा परेको थियो। अमेरिकाको स्टुडेन्ट वर्ल्ड इम्प्याक्ट फिल्म फेस्टिभल, जापानको पाँचौ मेइहोडो इन्टरनेशनल युथ भिजुअल मिडिया फेस्टिभल, नेपालको पाँचौ नेपाल अन्तर्राष्ट्रिय सांस्कृतिक चलचित्र महोत्सव र बेलायतको दुई चलचित्र महोत्सवमा छनोटमा परेको बताइएको छ।

भाउको लेखन तथा निर्देशन मोहन अभिलाषीले गरेका हुन्। यसमा मानिसको जीवनको मूल्यलाई दर्शाउन खोजेको उनी बताउँछन्।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यपहाडी (पुष्पलाल) राजमार्ग योजना कार्यालय फिदिम पाँचथरको सूचना
सडक सबैको सम्पत्ति हो
सडक भौतिक पूर्वाधारको मेरुदण्ड हो
त्यसैले
- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारामा निर्माण सामाग्री नथुपारौं।
- सडक छेउको नालीमा फोहोर-मैल नफालौं।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं।
- सडक किनारामा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो। यस सम्बन्धी जानकारी उपलब्ध गराउन हामी सबैको कर्तव्य हो।

- योजना प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
पुल योजना मध्य क्षेत्र सेक्टर नं. २
चाकुपाट, ललितपुर
राजमार्गमा अवस्थित/निर्माणाधीन पुलहरु उपभोग गर्ने सम्बन्धी सार्वजनिक अनुरोध
- पुलको न्यूनतम १ (एक) किलोमिटर दुरी तल माथिबाट ढुंगा, गिट्टी, बालुवा, माटो आदि कुनै पनि किसिमको निर्माण सामग्री उत्खनन गर्ने कार्य नगरौं,
- तोकिएको भारवहन क्षमता भन्दा बढिका मालबाहक सवारी साधनहरु पुलमाथिबाट नगुडाऔं,
- पुलमाथि (Deck Slab) मा मालबाहक/सवारी साधन पार्किङ तथा धुने/पखाल्ने आदि कार्य नगरौं,
- पुलमाथि (Deck Slab) मा वा त्यस वरिपरि कुनै पनि सामग्री नराखौं/नथुपारौं,
- पुलको बार (Railing) मा क्षति पुग्ने कुनै पनि कार्य नगरौं,
- पुल तथा नदिको वरिपरि फोहोरमैला गर्ने कार्य नगरौं,
- पुलमा क्षति पुग्ने गरी कसैले कुनै कार्य गरेको जानकारी भएमा तुरुन्त सम्बन्धित निकाय वा नजिकैको सुरक्षा निकायमा खबर गरौं,
- राजमार्ग तथा तिनमा अवसिथत पुलहरु सबैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं।

– योजना प्रमुख




नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन चरिकोटको अनुरोध
सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकुल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ।
- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारमा निर्माण सामग्री नथुपारौं। सडक छेउको नालीमा फोहोर मैला नफालौं।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं। सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नगरिकको दायित्व हो। तसर्थ सडक अतिक्रमण नगरौं।

डिभिजन प्रमुख
सडक डिभिजन चरिकोट

गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः
- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, म:म, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : Koushal K. Bhattarai, Editor : Krishna Lamsal, Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel
Computer Designer: Roshan Gyeawali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-5367064, Email : nayabimarsha@gmail.com